# अध्याय एक : परिचय

## १.१ अध्ययनको पृष्ठभुमी

राष्ट्रिय विपद् प्राधिकरण (२०२०), अनुसार नेपालको विपद् परिदृष्य हेर्दा भूकम्पीय जोखिमको हिसाबले नेपाल विश्वको ११ स्थानमा पर्छ । बाढीको प्रकोपको जोखिमको हिसावले विश्वको ३० औं स्थानमा रहेको छ। (पहिलोमा भेनेजुयला) जलवायू परिवर्तनको प्रभावको जोखिमको हिसाबले नेपाल विश्वको चौथौं स्थानमा रहेको छ। (पहिलोमा बंगालादेश), चट्यांङ्गको जोखिमको हिसाबले नेपाल विश्वको ५ औं स्थानमा रहेको छ । समग्र जोखिमको हिसाबमा नेपाल विश्वको २० औं स्थानमा रहेको छ ।

विपद्को समयमा अल्पसंख्यक र सीमान्तकृत समुदयहरु समान्यतया समाजिक विभेदमा परेको पाईन्छ। समुदाय जति संकटासन्नताको नजिक हुन्छन् त्यति नै विपद्ले ल्याउने जोखिम र क्षतिको मात्रा बढेर गएको देखिन्छ। सन १९३४, १९८०, १९८८ र २०१५ मा नेपालमा आएको भूकम्पले मानवीय,सामाजिक र भौतिक क्षतिको साथै नेपालको विकासको प्रकृयामा नै असर पारेको पाईन्छ । (सुवेदी र क्षेत्री, २०१९)

संकटासन्नता उच्च हुने कारणहरू मध्ये गरिबी र वसोवासको भौगोलि अवस्था प्रमुख कारण मानिन्छ । वारपाक केन्द्र विन्दु बनाएर २०७२ साल बैशाख १२ गते गएको ७.८ म्याग्निच्यूड क्षमताको विनाशकारी भूकम्पले गोरखा जिल्लाका धेरै गाँउहरूको जनजीवनलाई नराम्रोसंग तहसनहस बनाएको थियो, त्यस गाँउहरू मध्ये श्रीनाथकोटको बराम समुदाय पनि हो। आज पनि हामी विनासकारी भुकम्पले गरेको क्षतिबाट माथि उठ्न सिङ्गो देश नै प्रयासरत छौं । लाखौं मानिसहरुले सबै थोक गुमाए र गरिबीको सामना गरेको देखिन्छ। यूरोपीयन कमिसन (२०१५),

अनुसार नेपाल एक गरिब देशको सुचाङ्कमा पर्छ । प्रति व्यक्ति कुल ग्राहास्थ उत्पादन २.३१० रहेको नेपाल विकास सुचाङ्कको आधारमा १८७ देशमध्ये १४५ स्थानमा पर्छ । यसको आधारमा पनि भन्न सकिन्छ नेपाललाई विपद्को सामना गर्न कठिनाई हुन्छ । अत्याधिक पहाडी भूभागमा सडक र पूर्वाधार निर्माणको कारणले विपद्को उच्च जोखिमा परेको देखिन्छ। भूकम्पले निम्त्याएको विपद्को समयमा पनि खाँचोमा परेको समुदायमा पुग्न कठिनाई भएको पाईन्छ । प्रकोपबाट हुने मृत्युहरूमा करिव ९५ प्रतिसत विकासोन्मुख देशहरुमा हुने गरेको पाईन्छ, भने २० प्रतिसत भन्दा बढी भौतिक क्षति हुने गरको देखिन्छ ।

गृह मन्त्रालय (२०१५), अनुसार भूकम्प २०७२ बाट प्रभावित १५ जिल्लमा ६ लाखभन्दा बढी घर ध्वस्त र २ लाख ८८ हजारभन्दा बढी घर अर्ध क्षतिग्रस्त भएको थियो । नेपालमा १९९० साल पछिको सवैभन्दा घातक भुकम्पको रुपमा गोरखा भुकम्प २०७२ लाई मानिन्छ । सिंन्धुपालचोक, रसुवा, धादिङ, काभ्रे, नुवाकोट, सिधुली, ओखलढुङ्गा, रामेछाप, दोलखा, मकवानपुर, काठ्माण्डौ, ललितपुर, भक्तपुर, लम्जुङ, र गोरखा गरी १५ जिल्लामा भुकम्पले असर पारेको थियो । गोरखा जिल्लामा ४४८ जना मानिसहरुको मृत्यू भएको थियो भने ९५२ जना घाईते भएका थिए। ५९५२७ ओटा व्यक्तिगत आवस पूर्णक्षती र १३४२८ आवसहरू अर्धक्षती, ४० ओटा स्वास्थ्य सस्था पूर्णक्षती र ३९ अर्धक्षती, ४९५ शैक्षिक सस्था पूर्णक्षती, २२७ सरकारी कार्यालयहरू पूर्णक्षती र ३६ ओटा अर्धक्षती भएको पाईन्छ ।

राष्ट्रिय जनगणना (२०११), अनुसार नेपालमा १२५ प्रकारको जातजातीहरुको बसोबस रहेको पाईन्छ । जनसंख्याको हिसाबले बरामु जाति ८३ स्थानमा पर्छ । नेपालको कुल जनसंख्या मध्ये ८१४० अर्थात ०.०३ प्रतिसत ओगटेको बरामु जातीलाई नेपाल सरकारले जनजाती समूह भित्र राखेको छ

। गोरखा जिल्लामा रहेको ६६५०६ घरधुरीमा २७१००६१ जनसंख्या रहेको छ, यसमध्ये ७७१ घरधुरी ओगटेको श्रीनाथकोटको जनसंख्या ३१४७ रहेको देखिन्छ ।

नकामुरे (२०१७), का अनुसार विपद् प्राकृतिक र सामाजिक घटना हो । प्राकृतिक प्रकोपको जोखिमको सन्दर्भमा, हाम्रो देश नेपाल संसारको दशौं जोखिम युक्त देश भित्र पर्दछ । जोखिममा पर्ने देशहरू मध्ये पनि कति विकसित देश पनि पर्छन् । विकसित देशहरुले प्रकोपको राम्रो पूर्वतयारी गर्ने गर्छन् जस्ले गर्दा विपद् हुंदा ठूलो मात्रामा क्षति हुन पाउदैन, तर अल्प विकसित राष्ट्रहरुमा क्षतीको मात्रा बढी देखिएको छ । मानिसहरुले सामाजिक संरचना तथा सामाजिक सम्बन्ध र भौगोलिक अवस्थाको आधारमा विपद्ले पार्ने प्रभाव र जोखिममा भिन्नता पाईन्छ । २०१० मा हाईटीमा गएको ७ रेक्टर स्केलको भूकम्प र २०११ मा जापानमा गएको ९ रेक्टर स्केलको भूकम्पको प्रभावलाई अध्ययन गर्दा पनि जपान भन्दा मानवीय तथा आर्थिक क्षति हाइटीमा बढी भएको देखिन्छ । जबकी हाईटीमा ७ रेक्टरको र जापानमा ९ रेक्टरको भूकम्प गएको पाईन्छ (Nakamure, 2017)।

गोरखा भूकम्प २०७२ को सबैभन्दा ठूलो प्रभाव दुर्गम ग्रामिण क्षेत्रमा परेको देखिन्छ , जसमध्ये एक बरामु समुदाय पनि थियो । यसै अवस्थालाई मध्येनजर गर्दै श्रीनाथकोटको बरामु समुदायमा गोरखा भूकम्प २०७२ को प्रभावको विषयमा यथार्थ प्रमाणहरु मार्फत शोधपत्र तयार गरिएको छ ।

## १.२ समस्याको कथन

मानवीय क्रियाकलापको कारणले आज संसारमा विपद्को मात्रा बढेर गएको देखिन्छ । २०७२ को नविनासकारी भूकम्पका कारण देशमा निम्तिएको महासङ्कष्टले देशलाई नै अस्तव्यस्त बनायो । हजारौंले ज्यान गुमाउन पऱ्यो, लाखौंको अङ्गभङ्ग भयो भने लाखौंलाख घरहरू बस्न नहुने गरी ध्वस्त भए । करिव १ मिनेटको भूकम्पनले हाम्रा हरिया पहाडहरू धुलोले खैरो भएका थिए । घरघर

र टोलटोलमा चिच्चावट थियो, चित्कार थियो । ऐतिहासिक चिनो भिमसेन धरहरा फेदैबाट भाँचिएको दृश्य, भग्नावेशभित्र चेपिएकाहरूले गोहोर मागीरहेका र घरघर, चोकचोकको कोलाहल सिवाय समाचारमा अरु कुरा थिएनन् । सरकारी तथा गैरसरकारी सस्थाहरूमा अब के गर्ने, कसरी गर्ने भन्ने बारेमा अन्योलता छाएको थियो ।

मार्कभिन्डा र वाल्स (२०२०) का अनुसार विपद्को समयमा भएको भौतिक क्षतिहरुको संख्यात्मक रुपमा जानकारी लिने गरेको देखिन्छ साथै भौतिक क्षतिहरुको पुनर्निर्माणमा छिटै लागिपरेको पाईन्छ । सामाजिक तथा आर्थिक अवस्था राम्रो भएको परिवारले क्षतिलाई छिटै पुनर्स्थापन गरेको देखिन्छ, भने गरिब परिवारमा विपद्को प्रभाव लामो समयसम्म परेको पाईन्छ र पुनर्स्थापनामा पनि लामो समय लागेको देखिन्छ । सम्पति हानिले घरपरिवारको जीविकोपार्जनमा ठूलो समस्या आँउछ । सम्पति हानिमा पनि एउटा धनी वा सामाजिक रुपमा राम्रो सम्बन्ध भएको समुदाय वा मानिसकले चाँडै पुन प्राप्ति गर्न सक्छ, जबकि गरीब परिवारमा त्यसको दिर्घकालिन प्रभाव परेको पाईन्छ । यस अनुसन्धानले सम्पतिको क्षति, आर्थिक क्षति र सामाजिक क्षतिलाई एकिकृत गरि प्रकोपको प्रभावलाई थप समानुपातिक रुपमा अध्ययन गर्न प्रस्ताव गरेको देखिन्छ । गरीब समुदाय र धनी समुदायमा विपद्को समयमा पर्ने प्रभावमा पनि समन्यतया फरक देखिएको छ । विभिन्न सस्थाहरुले साहायता गरेता पनि समाजिक स्तर माथि भएको समुदाय समाजिक स्तर कम भएको समुदाय भन्दा छिटै पुनर्स्थापना गरेको देखिन्छ ।

अनुसन्धानकर्ताहरूले भूकम्प २०७२ ले समग्र गोरखा जिल्लामा पारेको प्रभावको अध्ययन गरिएको पाईन्छ, तर कुनै जातिविशेषमा अझ अल्पसंख्यक र सीमान्तकृत जनजातिहरुमा भूकम्प २०७२ ले पारेका प्रभावको अध्ययन गरिएको देखिदैन । यस अध्ययनले बराम् समुदायमा २०७२ सालको भूकम्पले पारेको प्रभावको अध्ययन गरिएको छ । विपद्मा गरिएको अहिले सम्मको अध्ययन प्रायजसो

राहतको कामहरु तथा आपतकालिन अवस्थामा भएको साहायतामा आधारित भएर गरिएको देखिन्छ । यस अध्ययनमा यो कमीलाई थोरै भएपनि सम्बोधन गरिएको छ ।

विनासकारी भूकम्प (२०७२) कारण देशमा निम्तिएको महासङ्कष्टले देशलाई नै अस्तव्यस्त बनायो । हजारौंले ज्यान गुमाउन पर्‍यो, लाखौंको अङ्गभङ्ग भयो भने लाखौंलाख घरहरू बस्न नहुने गरी ध्वस्त भए । करिव १ मिनेटको भूकम्पनले हाम्रा हरिया पहाडहरू धुलोले खैरो भएका थिए । घरघर र टोलटोलमा चिच्चावट थियो, चित्कार थियो । ऐतिहासिक चिनो भिमसेन धरहरा फेदैबाट भाँचिएको दृश्य, भग्नावेशभित्र चेपिएकाहरूले गोहोर मागीरहेका र घरघर, चोकचोकको कोलाहल सिवाय समाचारमा अरु कुरा थिएनन् । बरामु समुदायमा भूकम्पको कारणले सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव र पुनर्स्थापनाको लागि सरकारी तथा गैर-सरकारी संस्थाहरूले खेलेको भूमिकामा अधारित तल उल्लेखित प्रश्नहरुको सेरोफेरोमा रहेर यो अध्ययन गरिएको छ ।

- गोरखा भूकम्प २०७२ ले बरामु समुदायको सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभावहरू के कसतो थियो ?
- बरामु समुदायको पुनर्स्थापनामा सरकारी तथा गैर सरकारी सस्थाहरूले के कसरी साहायता पुर्‍यायो ?

भन्ने कुराको अध्ययन गर्न आवश्यक देखिन्छ । यसै अवस्थालाई मध्येनजर गर्दै समुदायमा भूकम्पको प्रभाव (बरामु समुदायमा अधारित समाजशास्त्रीय अध्ययन) शीर्षकमा गोरखा भूकम्प २०७२ को प्रभावमा अधारित शोधपत्र तयार गरिएको छ ।

### १.३ अध्ययनको उद्देश्य

गोरखा जिल्लाको सिरानचोक गाँउपालिका वडा नं. ७ श्रीनाथकोट सिम्लेमा रहेको बरामु समुदायमा गोरखा भूकम्प २०७२ को सामाजिक प्रभाव तथा समुदायको पुनर्स्थापनामा सरकारी र गैर सरकारी

संस्थाको भूमिकाको विश्लेषण गरिनेछ। कमजोर सामाजिक तथा आर्थिक अवस्था भएको समुदायमा विपद्को अनुभवहरु, जोखिमको भिन्नताहरु, धारणा, प्रकोप तयारी, प्रतिक्रियाको विश्लेषण गरिएको छ। प्रस्तुत अध्ययनको उद्देश्यहरू निम्न अनुसारको छ।

- समुदायमा भूकम्पले पारेका सामाजिक प्रभावको अध्ययन गर्ने।
- पुनर्स्थापनाको कार्यमा सरकारी तथा गैरसरकारी सस्थाको भूमिका बारे विश्लेशण गर्ने।

## १.४ अध्ययनको महत्व

यो अध्ययन समाजशास्त्र तथा ग्रामीण विकास विभाग, पृथ्वीनारायण क्याम्पस अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तह चौथो सेमेस्टरको प्रयोजनको लागि गरिएको छ।

राष्ट्रीय जनगणना (२०६८) अनुसार ०.०३ प्रतिसत जनसंख्या रहेको बरामुहरू अल्पसंख्यक तथा सिमान्तकृत जानजाती समूहमा पर्ने समुदाय हो। समान्यतया सीमान्तकृत समुदायम भूकम्पले पारेको असरको मात्रा बढी देखिन्छ। बरामु समुदायको बीचमा प्रभावकारी अध्ययनबाट भूकम्पले पारेको प्रभाव र कारणलाई पत्ता लगाउन सकिन्छ। यस अध्ययनको महत्व निम्न अनुसार उल्लेख गरिएको छ।

- भूकम्प आफैमा प्राकृतिक विपद् हुँदाहुदै पनि कसरी मानिसको सामाजिक स्तर अनुसार उसमा पर्ने प्रभाव फरक फरक हुँदो रहेछ भनि समाजशास्त्रीय आँखाबाट ब्याख्या तथा विष्लेशण गर्न सक्षम हुनेछ।
- यस अध्ययनबाट भूकम्पले बरामु समुदायको जीवनस्तरमा कसतो प्रभाव पार्यो भन्ने विषयमा बुझ्न साहायता पुग्ने छ।

- समुदायको पुनर्स्थापनाको लागि सरकारी तथा गैर सरकारी संस्थाले खेलेको भूमिका बारे थाह हुनेछ ।

अध्ययन क्षेत्रका बराम् समुदायमा भूकम्पले आर्थिक तथा सामाजिक क्षेत्रमा पारेको प्रभावको विश्लेषण हुने भएको कारण स्थानीय समुदायमा काम गर्नको लागि गैर सरकारी संस्थाहरुलाय साहायता पुग्ने छ । सीमान्तकृत तथा अल्पसंख्यक बराम् समुदायको विकासमा थप साहायताको निम्ति यस अध्ययनले मदत पुर्याउने छ । विपद् प्राकृतिक कारण मात्र नभएर यो सामाजिक कारण पनि हो भन्न तथ्यपरक बुझाई हुनेछ । मानिसहरुमा एक प्रकारले भूकम्प भनेका प्रकृतिक मात्र हुन्छ भन्ने बुझाई छ तर यस अध्ययनले समाजशास्त्रीय आँखाबाट प्रकोप वा विपद् प्रतिको बुझाईमा अर्थात विपद्को समाजशास्त्रमा केहि ज्ञान थप हुनेछ ।

## १.५ अध्ययनको सीमा

मानविकी संकाय समाजशास्त्र विभाग अर्न्तगत स्नातकोत्तर तह चौथो सेमेस्टरको आवश्यकता परिपुर्तीको लागि तयार पार्न खोजिएको छ । यस शोधपत्रको शोधक्षेत्र गण्डकी प्रदेशको गोरखा जिल्ला अन्तरगत सिरानचोक गाँउपालिका वडा नं. ७ श्रीनाथकोटको सिम्लेमा रहेको बराम् समुदायमा विपद्ले पारेको प्रभावको बारेमा अध्ययन गरिने छ ।

गोरखा भूकम्प २०७२ ले गोरखा जिल्लामा भएका धेरै सीमान्तकृत सुदायलाई प्रभाव परेको पाईन्छ । यस मध्ये श्रीनाथकोटको सिम्लेमा रहेको बराम् समुदाय पनि एक हो । प्रभावित सवै समुदायको प्रभावलाई यस अध्ययनमा विश्लेषण गर्न सकिएको छैन । सिरानचोक गाँउपालिका वडा न ७ श्रीनाथकोटको सिम्लेमा रहेका बराम् समुदायमा रहेका प्रभावित घरधुरीहरुमा परेको प्रभावलाई मात्र यस अध्ययनमा समावेश गर्न सकिएको छ ।

### १.६ परिभाषित शब्दावली

प्रस्तुत अध्ययनमा समाविष्ट परिभाषित शब्दहरु तथा विपद् जोखिम न्युनीकरणका क्षेत्रमा प्रचलित समसमायिक अवधारणा प्रयुक्त शब्दाबलीहरु पनि अध्ययन गरिएको छ । प्रकोप, विपद्, भूकम्प, प्रतिकार्य, पूनर्लाभ, अल्पिकरण, पुर्व तयारी, सम्भाव्य विपद् जोखिम व्यवस्थापन, आपत्‌कालीन व्यवस्थापन कालीन व्यवस्थापन, जोखिम, जोखिम निर्धारण, उथ्थानशिलता, संकटासन्नता, प्रकोप सामना क्षमता र प्रविधिगत प्रकोप जस्ता शब्दहरु यस प्रतिवेदनको लागि महत्पुर्ण रहेका छन् ।

**प्रकोप** त्यस्ता डरलाग्दा परिघटना, वस्तु, मानवीय क्रियाकलाप, वा परिस्थिति जसका कारणले ज्यानको नोक्सानी, घाइते हुने सम्भावना वा अन्य स्वास्थ्यसम्बन्धी असरहरू, धनमालको क्षति, आजीविका तथा सेवाहरूको नोक्सानी, सामाजिक तथा आर्थिक गतिरोध, वा वातावरणीय ह्रास मेत निम्त्याउँछ । यहाँ विपद् र प्रकोप बीचको फरक छुट्याउन वाञ्छनीय हुन्छ । प्रकोपका कारण विपद्‌को घटना हुन्छ । एउटा प्रकोपले विपद् त्यतिवेला उत्पन्न गर्न सक्छ जुनबेला त्यस प्रकोप नजिक रहेका समाज प्रभावित हुन्छन् र आफै सम्हाल्न सक्दैनन् ।

**विपद् भनेको** प्रभावित समाज वा समुदायले आफ्नै बलबुता र श्रोत  साधनको प्रयोग गरी सामना गर्न नसक्ने स्तरको त्यस्तो गम्भीर प्रकोपजन्य घटना तथा त्यसबाट हुनसक्ने मानवीय, भौतिक, आर्थिक र वातावरणीय क्षति जसले गर्दा सामान्य सामाजिक प्रक्रिया अवरुद्ध हुनेछ ।“विपद्” भन्नाले कुनै पनि ठाउंमा विपत्तिपूर्ण अवस्था सिर्जना भई जनधनको क्षतिको साथै जनजीवनमा प्रतिकूल असर परी स्थानीय उपलव्ध साधन, स्रोत एवं क्षमताबाट समाधान हुन नसक्ने र वाह्य सहयोगको पनि आवश्यकता पर्नसक्ने,  दुःखद् तथा कष्टपूर्ण अवस्थालाई जनाउनेछ ।

**प्रतिकार्य** विपद्को घटनाको बेला वा त्यसपश्चात् तत्कालै जीवन रक्षा गर्ने उद्धारजस्तो आपत्कालीन सेवा र नागरिक सहयोग, स्वास्थ्यसम्बन्धी असरहरू न्यून गर्ने, आम नागरिकको सुरक्षा सुनिश्चित गर्ने तथा प्रभावित व्यक्तिहरूको आधारभूत जीवकोपार्जनका खाँचोहरू परिपूर्ति गर्ने प्रयोजनकालागि गरिने प्रावधानहरू नै प्रतिकार्य हो ।

**पूनर्लाभलाई** विपद्बाट प्रभावित भएका समुदायहरूको पूनर्स्थापना, जिविकोपार्जन साथै विपद् जोखिमका कारकहरूलाई न्यून गर्दै आपत्कालीन अवस्थाको समाप्ति पछि प्रारम्भ हुन्छन् ।

**अल्पिकरण** भनेको प्रकोप तथा तद्जन्य विपद्को प्रतिकूल असरलाइ कम वा सीमित तुल्याउने कार्यविधि रुपमा ब्याख्या गरिएको छ ।

**पुर्व तयारीले** संभावित प्रकोप घटना अथवा प्रकोप अवस्थाका असहरूको प्रभावकारी ढंगले पूर्वानुमान गर्न सक्ने, प्रतिकार्य गर्नसक्ने र त्यसबाट जोगिन  अवस्थालाई बुझाउछ ।

**सम्भाव्य विपद् जोखिम** व्यवस्थापन भनेको बढ्दो जोखिमलाई सम्बोधन गर्ने तथा संभाव्य असरलाई छल्ने र व्यवस्थापन गर्ने क्रियाकलापहरू पर्दछन ।

**आपत्कालीन व्यवस्थापन** भन्नाले आपत्कालीन अवस्थाका सम्पूर्ण पक्षलाई सम्बोधन गर्नका लागि खासगरी पूर्वतयारी, प्रतिकार्य, स्रोत साधनको जिम्मेवारीको बाँडफाड तथा व्यवस्थापनका हो ।

**जोखिमले** प्रकोप प्रभाव क्षेत्रको नजिकै भएका कारण संभाव्य क्षति वेहोर्ने अवस्थामा रहेका मानिस, तथा धनसम्पतीलाई बुझाउछ ।

**उथ्थानशिलता** विषेश गरि प्रकोप एकदमै नजिक रहेका समुदायको अन्तर्निहित क्षमता जसले असरहरूलाई प्रभावकारी ढंगले प्रतिरोध गरि पहिलेको अवस्थामा ल्याउन मदत गर्नेलाई दर्शाउछ ।

**जोखिम निर्धारणले** जोखिमको प्रकृति र स्तर निर्धारण गरिने विधि हो । यस पद्धतिले संभावित प्रकोपहरूको विश्लेषण गर्नुका साथै विद्यमान संकटासन्नताको पहिचान एवं मूल्याकंन गर्दछ । यस प्रकारको मूल्याकंनबाट मानिस, समुदाय, निर्मित संरचना, धनमाल,जीविकोपार्जन तथा वरिपरिका वातावरणमा पर्नसक्ने संभावित क्षतिको मूल्याकंन गरिन्छ ।

**प्रविधिगत प्रकोपमा** प्रविधिगत तथा औद्योगिक अवस्थाबाट सृजित प्रकोप पर्दछ । यस अन्तर्गत दुर्घटना, खतरनाक कार्यविधि, पूर्वाधारकोक्षति अदि पर्दछ । जसको परिणाम स्वरुप जनधन तथा वातावरणीय क्षति हुनसक्छ, स्वास्थ्यसम्बन्धी असर देखिन सक्छ, जीविकोपार्जनका उपाय र सेवाहरूमा नकारात्मक प्रभाव पर्नसक्छ, सामाजिक आर्थिक गतिरोध हुनसक्छ ।

**संकटासन्नता** भनेको कुनै समुदाय, कार्यप्रणाली वा जायजेथामाथि प्रकोपका असरहरू प्रत्यक्ष पर्न सक्ने अवस्थालाई बुझाउछ ।

**प्रकोप सामना क्षमता** भन्नाले उपलब्ध साधन, स्रोत, ज्ञान र सीपको समुचित उपयोग गरी कुनैपनि प्रतिकूल वा विपद्को अवस्थामा परिस्थितिको सामना तथा व्यवस्थापन गर्न अन्तर्निहित क्षमता भन्ने बुझिन्छ ।

### १.७ अध्ययनको साङ्गठनिक ढाँचा

यस सोधपत्रलाई सात अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्त्व तथा अध्ययनका सीमाहरूलाई समावेश गरिएको छ । दोस्रो अध्यायमा बरामु जातिको परिचय, गोरखा भूकम्प २०७२ को अध्ययन, नेपालमा विपद् नीति , सैद्धान्तिक समीक्षा, सन्दर्भ साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचालाई समावेश गरिएको छ । अध्याय तीनमा अध्ययन क्षेत्रको परिचय, अध्ययन क्षेत्रको छनोट र जनगणना विधि, तथ्याङ्कको प्रकार, तथ्याङ्कका स्रोतहरू, तथ्याङ्क सङ्कलन विधि तथा तथ्याङ्क विश्लेषण र

प्रस्तुतीकरणलाई समावेश गरिएको छ। अध्याय चारमा उत्तरदाताको जनसाङ्ख्यिक विवरण, अध्याय पाँचमा भूकम्पको सामाजिक तथा आर्थिक प्रभाव, अध्याय छ सरकारी तथा गैरसरकारी संस्थाले पूनर्स्थापनामा खेलेको भूमिकाको विश्लेषण र अध्याय सातमा सारांश, निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ। अन्तमा सन्दर्भ सामग्री, अनुसूची र तस्बिरहरू राखिएका छन्।

# अध्याय दुई : सर्न्दभ साहित्य पुनरावलोकन

## २.१ बरामु जाति

बराम (२०६६), को निष्कर्ष अनुसार बरामु जाति आदिवासी हुन । यिनिहरुले बोल्ने भाषालाई बालकुरा भनिन्छ । तिब्वती बर्मी भाषा बोल्नेहरुसंग बरामु समुदायको नजिकको सम्बन्ध छ । नेपालको जिरेल, सुरेल, थामी, गुरुङ्ग, मगर, किराँत, सुनुवारको मिश्रण जस्तै हुन । बरामु समुदायमा विषेश गरि हिन्दु तथा बोन धर्मको प्रभाव परेको देखिन्छ । यिनिहरु प्राकृतिको उपाशक पनि हुन । बरामु समुदायले नामको पछाडी बराम, बरामु र माहमु थरको रुपमा प्रयोग गरेता पनि सवैको अर्थ एउटै नै हो ।

गोरखामा ३८ प्रकारको जातजातिको वसोवास रहेको पाईन्छ । ३८ प्रकारको जातजाति मध्ये २०.४२ प्रतिसत जनसंख्या ओगटेको गुरूङ समुदाय सवैभन्दा बढी रहेका पाईन्छ । ८१४० बरामु समुदायको जनसंख्या मध्ये ६७४० अर्थात ८२.९ प्रतिसतको वसोवास गोरखामा रहेको पाईन्छ (बराम २०६६) । नेपाल सरकारद्वरा मान्यता प्रप्त ५९ आदिवासी तथा जनजातिहरुको समुदाय मध्ये बराम भनेर चिनिने बरामुहरु अति सीमान्तकृत समुदाय अन्तरगत पर्दछन् । गोरखा लगायत धादिङ, मकवानपुर र नवलपरासी जिल्लाहरुमा बरामु समुदायको वसोवास रहेको देखिन्छ । बरामुहरु प्राकृतिक पुजकहरुको रुपमा पाईको छ । (NFDIN 2005)

नेपालको केन्द्रिय तथ्याङ्क विभाग (२०१२), का अनुसार नेपालको जनसंख्या १२५ जातजातीय समूहहरू मिलेर ८ प्रमुख ठूला विभाजनहरुमा वर्गकृत रहेको पाईन्छ । क्षेत्री, बाहुन, पहाडी जनजाति, तराई जनजाति, तराईको अन्य जाति, पहाडी दलित, तराई दलित र मुस्लिम जस्ता सामाजिक गतिशीलता बीचको जटिल अन्रक्रियाले जोखिम बढाउन सक्छ । विभिन्न जातजाति र समुदाय, तथा मानिसहरू समाजले गरेको आंशिक वर्गीकरणको कारण हो । जातजातीयतामा जुन

प्रकारको वर्गीकरण छ, यसले समाजीक रुपमा ठूलै भेदभाव गरिरहेको देखिन्छ । जातीय विभेद गैरकानूनी भएतापन यसले सामाजिक रुपमा यो अझ पनि नेपालमा प्रसस्त पाईन्छ । विश्व बैंक २००६ अनुसार २०० भन्दा बढी जातीय भेदभावहरू पहिचान गरिएको छ ।

## २.२ गोरखा भुकम्प २०७२

प्राकृतिक प्रकोपको जोखिमको सन्दर्भमा, हाम्रो देश नेपाल संसारको दशौं जोखिम युक्त देश भित्र पर्दछ । जोखिममा पर्ने देशहरू मध्ये पनि कति विकसित देश पनि पर्छन् । विकसित देशहरुले प्रकोपको राम्रो पूर्वतयारी गर्ने गर्छन् जस्ले गर्दा विपद् हुंदा ठूलो मात्रामा क्षति हुन पाउदैन, तर अल्प विकसित राष्ट्रहरुमा क्षतीको मात्रा बढी देखिएको छ । यसैको उदाहरण हो १२, बैशाख २०७२ सालमा गोखरा वारपाक केन्द्र विन्दु बनाएर गएको ७.८ म्याग्निच्यूड क्षमताको विनाशकारी गोरखा भूकम्प, जसको कारणले केही जिल्लाका जनजीवनलाई नराम्रोसंग तहसनहस बनायो । फलस्वरुप उक्त विनाशकारी भूकम्पले गर्दा सिङ्गै देशले ठूलो पाठ सिकेको छ र आजको दिनमा आईपुग्दा सकेसम्म तयारी अवस्थामा रहन प्रयासरत रहेको देखिन्छ ।

सुवेदी र क्षेत्री (२०१९) का अनुसार गोरखाको वारपाक केन्द्र विन्दु वनाएर आएको ७.८ म्याग्निच्यूड क्षमताको विनाशकारी भुकम्पले नेपालमा ८९७० मानिसहरुको मृत्यू भायो भने १९८ मानिसहरु वेपता भएको  थियो । २२३०३ मानिसहरु घाईते भएका थिय । ६०४९३० घरहरु पूर्णरुपमा र २८८८५६ घरहरु आंसिक रुपमा क्षति भएको थियो । आफन्त, घर, पशु र धनजन गुमाएको कारणले बालबालिका, महिला तथा धरै मानिसहरू अघातमा पर्यो । सिंन्धुपालचोक, रसुवा, धादिङ, काभ्रे, नुवाकोट, सिधुली, ओखलढुङ्गा, रामेछाप, दोलखा, मकवानपुर, काठ्माण्डौ, ललितपुर, भक्तपुर, लम्जुङ, र गोरखा गरी १५ जिल्लामा भुकम्पको प्रभाव परेको छ ।

हालैका गोरखा जस्ता विनाशकारी भूकम्प नेपालले विगतको समयमा बारम्बार भोगेको छ । काठ्माण्डौ भूकम्पको लागि संसारको सवैभन्दा जोखिम शहरी क्षेत्र मध्येको एक हो । १९९० देखी २०१९ सम्मको भूकम्पले यु.एस.डी. पाँच बिलियन भन्दा बढी क्षति र ६ मिलियन मानिसहरू लाई प्रभावित पारेको देखिन्छ । विकासको कार्यमा लगानी गर्न र पार्यटकहरुलाई आउनको निम्ति उच्च जोखिमयुक्त वातावरणले राकेको पाईन्छ । (UNDRR, 2019)

गोरखा भुकम्प २०७२ को साहित्य समीक्षाको अध्ययन गर्दा संख्यात्मक विवरणमा आधारित अध्ययनहरु गरेको देखिन्छ , तर कुनै जाति विशेषमा भूकम्पले पारेको असरको बारेमा अध्ययन गरेको देखिदैन । यस प्रकारको कमिलाई मेरो यस अध्ययनले योगदान पुर्याएको छ ।

## २.३ नेपालमा विपद् नीति

देशमा कसतो खालको नीति बनेको छ, त्यसले विपद्को प्रभावलाई असर पारेको हुन्छ । अर्थात विपद्लाई कसरी राजनैतीकरण गरिन्छ त्यसको आधारमा पनि देशको नीति निर्माण भएको देखिन्छ । नेपालमा विपद् व्यवस्थापनलाई वैधानिकरूपले संस्थागत गर्न दैवीप्रकोपसम्बन्धी उद्धारकार्यकालागि व्यवस्था गर्न वनेको ऐन, २०३९ लागू भएको देखिन्छ । यो ऐन लागू भएपछि नेपालमा दैवी प्रकोपसम्बन्धी उद्धारकार्यको वैधानिकरूपमा सुरुवात भएको पाईन्छ । विद्यमान कानुनी व्यवस्था विद्यमान कानुनी व्यवस्था “दैवीप्रकोपसम्बन्धी उद्धारकार्यकालागि व्यवस्था गर्न वनेको ऐन, २०३९” लागू भएपछि भएको हो । यस ऐनको वि.सं. २०४९ मा समसामयिक संशोधन गरिएको छ । । ऐनले मुख्यतया चार किसिमको उद्धार समितिको व्यवस्था गरेको छ । केन्द्रमा २२ सदस्यीय केन्द्रीय दैवीप्रकोप राहत समिति गृह मन्त्रीको अध्यक्षतामा गठन गरिएको हुन्छ । यस समितिमा नेपाल रेडक्रस सोसाइटी तथा नेपाल स्काउटका प्रतिनिधिहरू समेत समावेश हुन्छन् । त्यस्तै क्षेत्रीय तथा जिल्ला दैवीप्रकोप उद्धार समितिहरू पनि गठन गरिएका हुन्छन् । यी समितिहरूको

मुख्य काम, कर्तव्य दैवीप्रकोप उद्धार कार्यहरूको सम्बन्धमा स्थानीय समितिहरूबीच समन्वय गराउने, स्थानीय समितिहरूबाट भए गरेका दैवीप्रकोप उद्धार कार्यहरूको रेखदेख गर्ने तथा भइरहेको दैवीप्रकोप उद्धार कार्यमा सहयोग पुऱ्याउने हो । स्थानीय समितिले दैवीप्रकोपबाट भएको क्षतिको विवरण तयार गरी दैवीप्रकोपबाट पीडित पक्षलाई उद्धार तथा पूनर्स्थापनाकालागि चाहिने आवश्यक स्रोत तथा साधनको समेत अनुमान गरी जिल्ला समितिमा पेश गर्ने, आवश्यकता अनुसार स्वयम्सेवकहरूको टोली गठन गरी उद्धार कार्य सञ्चालन गर्ने गराउने गर्दछन् ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय विकासकालागि स्वायत्त शासनको व्यवस्थासहित वातावरण मैत्री विकास व्यवस्थापनकालागि विकेन्द्रीकरणको अवधारणालाई प्रवर्द्धन गरेको छ । यसमा विकास प्रक्रिया, वातावरण र विपद्बीचको अन्तरसम्बन्धलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा जोड दिइएको छ । यस ऐनले स्थानीय निकायहरू जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिहरूलाई समस्याको समाधान आफैंले खोज्न प्रोत्साहन गरेको छ । यसरी यस ऐनले स्थानीय स्तरका निकायहरूलाई उत्तरदायी बनाएको भए तापनि उक्त ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्न आवश्यक नियमावली तथा वजेटको विनियोजन नगरिएकोले ऐनमा व्यवस्था गरिएको अवधारणाहरूको कार्यान्वयन पक्ष एकीकृतरूपमा अगाडी बढन नसकेको अवस्था विद्यमान छ ।

नेपाल बाढी, पहिरो, महामारी, आगलागी, शीतलहर र हिमताल विस्फोट, हिमपहिरो तथा विनाशकारी भूकम्पको जोखिममा रहेको मुलुक हो । जलवायु परिवर्तनका कारण पर्ने प्रतिकूल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको छ । यस सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत "विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६" मा व्यवस्था भएबमोजिम विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा पूर्वतयारी तथा जोखिम न्यूनीकरण कार्यलाई विशेष महत्व दिइएको छ ।

विपद् जोखिम व्यवस्थापनको सवाललाई विकासका योजनासँग मूलप्रवाहीकरण गरी विपद् उत्थानशील समाज निर्माण गर्ने क्रममा जिम्मेवार निकायले पहलकदमी लिन आवश्यक भइसकेको छ। यस परिस्थितिमा विपद् जोखिम व्यवस्थापनलाई केन्द्रदेखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्नु पर्ने यथार्थतालाई आत्मसात् गर्दै दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न, प्रभावित सबै वर्ग, समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुने गरी स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्दै विपद् जोखिम व्यवस्थापनलाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को मूल भावना तथा मर्मलाई आत्मसात् गर्दै स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३४, २३५ र २६५ ले दिएको अधिकार प्रयोग गरी “स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८” स्वीकृत गरी लागू गरिएको छ।

नेपालस्थित संयुक्त राष्ट्रसंघीय निकायहरू तथा अन्य अन्तर्राष्ट्रिय संघसंस्थाहरू विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यमा मानवीय सहयोगको क्षेत्रमा समेत काम गर्दै आएका छन्। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले नीतिगत सुधारमा समेत सहयोग उपलब्ध गराउँदै आएको छ भने संयुक्त राष्ट्रसंघीय मानवीय मामिलाको कार्यालयसँग आपत्कालीन अवस्थामा अन्तर्राष्ट्रिय सहयोगको प्राप्तिलाई सरल, सहज र प्रभावकारी बनाउन आपत्कालीन समयमा भन्सार प्रक्रिया सहजीकरणसम्बन्धी सम्झौता समेत भइसकेको छ। साथै जोखिम न्यूनीकरणकालागि संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय रणनीति जस्ता अन्तरसरकारी तथा गैरसरकारी संस्थाहरू समेत नेपालको विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा नेपाल सरकारलाई सहयोग गरिरहेका छन्।

विपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिका, व्यवस्थापन योजना तर्जुमा निर्देशिका, व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६९ नेपाल विपद्का कारण अत्यधिक प्रभावित भइरहने मुलुकको

सूचीमा पर्छ । भूकम्पीय जोखिमका हिसावले नेपाल विश्वका १९८ मुलुकमध्ये एघारौँ, जलउत्पन्न प्रकोपको जोखिमको हिसाबले तीसौँ र जलवायु परिवर्तनबाट उत्पन्न जोखिमको हिसावले चौथो स्थानमा परेको छ । देशका अधिकांश क्षेत्र बाढी, पहिरो, महामारी, आगलागी, शीतलहर, हिमताल विस्फोट, हिमपहिरो र भूकम्पको जोखिममा रहेको छ । यस सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत “विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६” मा व्यवस्था भएबमोजिम विपद् जोखिम व्यवस्थापनको कार्यलाई विशेष महत्व दिनु पर्ने आवश्यकता छ । सोअनुरूप विपद् जोखिम व्यवस्थापन पद्धतिलाई विकासका विषयगत क्षेत्रमा मूलप्रवाहीकरण गरी विपद् उत्थानशील समाजको विकासको प्रयासलाई अघि बढाउनु जरुरी देखिएको छ। त्यसैले जलवायु परिवर्तन र विपद्जन्य जोखिम व्यवस्थापनलाई केन्द्रदेखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकाससम्बन्धी नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गनुपर्ने यथार्थतालाई आत्मसात् गर्दै दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न, स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम् उपयोग गरी विपद् जोखिम व्यवस्थापनलाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को मूल भावना तथा मर्मलाई आत्मसात गर्दै स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले दिएको अधिकार प्रयोग गरी “जिल्ला विपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६९” स्वीकृत गरी लागू गरिएको छ ।

नेपालमा नीति निमार्ण गर्ने तहमा व्यवस्थापिका संसद तथा मन्त्रिपरिषद् गरी दुई राष्ट्रिय निकायहरू विद्यमान छन् । यसैगरी उपर्युक्त राष्ट्रिय निकायहरूबाट भएका नीतिहरूलाई कार्यान्वयन गर्न विभिन्न तीन प्रकृतिका निकायहरू कार्यरत देखिन्छ । जसमध्ये नीति तथा योजना तर्जुमा गर्ने कार्यमा सल्लाहकारी भूमिका निवार्ह गर्ने विभिन्न आयोगहरू, नीति निर्माण तथा योजनाहरू कार्यान्वयन गर्ने जिम्मेवारी लिएका क्षेत्रगत मन्त्रालयहरू रणनीति तथा योजना कार्यान्वयन गर्ने र

उपल्लो निकायलाई नीति निर्माण तथा योजना तजुर्मामा सल्लाह उपलब्ध गराउने विभाग, क्षेत्रीय तथा स्थानीय निकायहरू रहेका छन् । विपद् व्यवस्थापनसम्बन्धी ऐन, नीति, नियमको तर्जुमा र कार्यान्वयन गर्ने गराउने लगायत विपद् व्यवस्थापनसम्बन्धी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सभा सम्मेलनको आयोजना गर्ने काम समेत यस मन्त्रालयबाट हुँदै आएको छ । यो ऐनले उद्धार तथा राहत वितरण र पूनर्निर्माणलाई महत्व दिएको पाइन्छ भने पूर्व तयारीलाई त्यति ध्यान दिएको पाईंदैन विपद्को क्षेत्रमा नेपाल सरकारले नीति निर्माण गरेको छ तर यसको त्यसको लागुमा ठुलो समस्या देखिन्छ । सीमान्तकृत समुदायमा भएका प्रभावितहरुलाई कसरी पुर्स्थापना गर्न सकिन्छ, अल्पसंख्यक सुदायमा विपद्को समयमा पर्ने प्रभावलाई कसरी घटाउन सकिन्छ र काम गर्ने गैरसरकारी संस्थाहरुको भुमिका कसतो हुनुपर्छ भन्ने विषयमा स्पष्ट मापदण्ड निर्माण गरिएको देखिदैन । नेपालमा भएको अल्पसंख्यक सीमान्तकृत समुदायको निम्ति पनि विपद्को लागि नीतिनियमा निर्माण बनाउनु पर्छ भन्ने कुरामा यस अध्ययनले साहायता गर्नेछ ।

### २.४ सैद्धान्तिक समीक्षा

भुकम्प प्रायजसो आईनै रहन्छ तर त्यसले समुदायको जीविकोपार्जन अथवा स्वास्थ्यमा असर पारेपछि त्यसले विपद्को रुप लिन्छ । समान्यतया विपद् मानव निर्मित र प्राकृतिक गरी दुई प्रकारको हन्छ । मानव निर्मित अर्थात समाजको कारणले नै निर्माण भएको हुन्छ । विपद्ले पनि कुनै ठाँउमा कम असर पारेको देखिन्छ भने कुनै ठाउमा बढी यसो हुनको कारण त्यहाँको समुदायको संरचना कस्तो प्रकारको छ त्यसमा पनि भर परेको हुन्छ । त्यसकार भूकम्प आउने जाने भईरहन्छ तर यसलाई विपद् बनाउनमा समाजको क्रियाकलापले पनि प्रभाव पारेको हुन्छ । जव भुकम्पले मानवीय अवस्थालाई असर पार्छ भने त्यसलाई विपद्को रुपमा लिन सकिन्छ ।

डेभिडसन र ल्याम्बर्ट (२००१) का अनुसार, विपद् प्रतिकार्य सूचकाङ्कहरुले सरोकारबालाहरुको विपद् तयारी, उथ्थानशिल्ता, न्यूनीकारणका प्रयासहरु, सामाजिक स्वैच्छिकता र जोखिमको एक्सपोजार मापन गर्न महत्पूण भूमिका खेल्छन । आपसी विपद् सूचकाङ्कहरु आकर्षक छन् । किनभने तिनिहरुले  मानिसहरुलाई सजिलै बुझ्न सक्ने तरिकामा पर्याप्त मात्रामा प्राविधिकहरुको विकास भएको छ । सामाजिक पुजि, सामाजिक क्षमता, सामाजिक सम्बन्ध र गुणात्मक जीवनलाई मानव विकास, सामाजिक संकटासन्नता तथा आपतकालिन तयारीका सुचकहरु हुन् ।

मेड(२००३), का अनुसार स्पष्ट परिभाषा बिना प्रकोपसंग सम्बन्धित विषयहरुमा एक अर्कासंग संचार गर्न सम्भव छैन । कहिले काही एउटै शब्द पनि परिस्थिति र समय अनुसार अर्थमा फरक परिरहेको हुन्छ । त्यसकारण प्रकोप, खतरा, जोखिम, रोकथाम, परिमार्जन, घटना, प्रभाव, शमन, तयारी, क्षति, लचिलोपन, क्षमता, व्यवस्थापन, प्रकृया र पुनर्स्थापना जस्ता शव्दहरुको ब्याख्या गरिनु पर्छ । वातावरणीय घटना तथा सशस्त्र द्धन्दले समुदायमा ब्यापक प्रकारको गम्भिर क्षति ल्याएको हुन्छ ।

रेडमण्ड (२००५) का अनुसार जति संकटशन्नता उच्च हुन्छ जोखिम पनि उच्च हुन्छ र संकटशन्नताको मुख्यकारण भनेको गरिबी हो । संकटाशन्नताको आधारमा भुकम्पले पार्ने प्रभावलाई फरक पारेको हुन्छ । भुकम्पको समयमा मानिसहरुलाई उद्धार गर्दा मानिसको शक्ति, स्तर, उमेर, लिङ्ग, वर्ग, जाती, शिक्षा, धर्म, भाषा, आर्थिक अवस्था, समाजिक सम्बन्ध र राजनैतिक सम्बन्धले ढिलो वा चाडो बनाउँछ ।

सामाजिक-आर्थिक रुपमा कमजोर भएको मानिसहरुले प्रकोपहरुको सामना गर्दा बढी जोखिममा परेको छ । विपद्ल पनि यस समुहका मानिसहरुले अन्य भन्दा थप गम्भिर खालको परिणामहरु भोग्ने सम्भावना हुन्छ । विपद् समाजद्दारा निर्मित घटना हो, त्यसकारण यो समाजिक नियन्त्रणको

पाटो हो । विपद्को प्रभाव समुदायमा कम गर्नको लागि समुदायको सामना गर्ने क्षमतालाई बढाउन जरुरी हुन्छ । अर्थात विपद्ले ल्याउने प्रभावलाई कम वा बढी बनाउने निर्धारक तत्व समाज आफै हो । भौतिक क्षति विषेश गरि घरबार विहिन्ताको कारणले थप प्रतिकुल असरहरु परिरहेको देखिन्छ, र यस्ता कारणले गर्दा मानिसहरु झनै गरिबीमा रहिरहने सम्भावना बढाएको देखिन्छ । रेडमण्डले गरेको अध्ययनको निष्कर्ष र मेरो अध्ययनको निष्कर्ष उस्तै देखिएको छ । समाजशास्त्रीय अध्ययनहरुमा पनि विपद् कसरी समाजशास्त्रको क्षेत्र हो भनेर ब्याख्या गरिएको पाईन्छ तर विपद्ले सीमान्तकृत समुदायका मानिसहरुमा कसतो खालको असर पार्यो भन्ने विषयलाई खासै उठान गरिएको देखिदैन । यस अध्ययनमा यस्ता छुटेको विषयवस्तुलाई ध्यानमा राखी अध्ययन गरिएको छ । मेरो अध्ययनमा पनि सामाजिक र आर्थिक रुपमा कमजोर भएका बराम् समुदायमा भूकम्पले पार्ने प्रभावमा फरक पारेको देखिएको छ, र आपत् विपद्को समयमा मानिसहरुले सुरुमा आफ्नो आफन्तको खोजी गर्छ साथै सहायताको लागि शुरुमा स्थानीय छिमेकीहरुले नै भूमिका खेलेको देखिन्छ ।

## २.५ पूर्व साहित्य समीक्षा

शर्मा, केसी, सुवेदी र पोखेल (२०१८) का अनुसार भूकम्पले करिव १.५ करोड निजी आवास, सर्वजानिक भवन, विद्यालय, अस्पताल, सडक, जलविद्युत, सिचाईको नहर लागायत धेरै पूर्वधारहरुमा क्षति पुर्याको देखिन्छ । करिब ८० लाख जनजीवनमा प्रभाव पारेको थियो । धैरै सरकारी, गैरसरकारी, तथा अन्तराष्ट्रिय एजेन्सीहरु पुनर्स्थापनामा साहायता पुर्याएको देखिन्छ । भूकम्पको ३ वर्षपछि पनि पुनर्स्थापनमा राम्रो सुधार भएको देखिदैन । नेपाल सरकारले राष्ट्रिय पूननिर्माणको(एन.आर.एन) गठन गरेर काम आगाडी बढाय पनि यसमा खासै प्रगती भएको पाईदैन । एनआरएनले पूननिर्माणको प्रकृयामा नेतृत्व गरिहेको छ । नेपाल सरकारले भूकम्पबाट ध्वस्त

भएको संरचानाहरु पुननिर्माण गर्न २०२० सम्म राखेको योजना चुनौतिपूर्ण भएको देखिन्छ । नेपालको राजनैतीक अवस्थमा भएको फेरबदल तथा समुदायको सामाजिक तथा आर्थिक अवस्थाको कारणले पुनर्स्थापनामा नराम्रोसंग प्रभाव पारेको पाईन्छ ।

डे (२०१५) का अनुसार भूकम्पलाई रोक्न वा सहि रुपमा भविष्यवाणी गर्न सकिदैन । तर त्यहाँ केहि पूर्व चेताउनी संकेतहरु हुन्छन् । भूकम्पबाट हुने क्षतिलाई न्यूनीकारण गर्न विभिन्न प्रणालिहरुको विकास भएर प्रयोगमा आएको देखिन्छ । तर अहिले सम्म भूकम्पको भविष्यवाणी गर्न कुनै पनि उत्तम प्रविधिको विकास भएको देखिदैन ।

विगतमा प्रकोपहरुलाई एक प्रकारले आत्माकथा विधि र ऐतिहाँसिक घटनाको रुपमा लेखिएको देखिन्छ । प्राय  विगतको समयमा विपद्लाई एउटा घटनाको रुपमा लिने गरेको थियो । यस प्रकारको घटनाहरुले समुदायमा ठुलो प्रभाव पारेको थियो । विपद्लाई बुझाईको कमिको कारणले गर्दा धार्मिक महत्वको रुपमा पनि लिने गरको देखिन्छ । Homan (2003)

एक व्यक्ति प्राकृतिक खताराको जोखिम र क्षति न्यूनीकरणका उपायहरुको दायरा बारे सचेत छ, तर उसले यो जानकारी अनुसार काम गर्छ भन्ने कुनै ग्यारेन्टी छैन । उपलब्ध प्रमाणहरुको अधारमा भन्न सकिन्छ कि चेतना, ज्ञान र क्षति न्यूनीकरणको उपायहरुको परिणामस्वरुप यसलाई लागु गर्ने वा अपनाउने अवस्था हेर्दा निकै कमजोर देखिन्छ । प्राकृतिक प्रकोप सम्बन्धी सार्वजानिक सूचनाको कार्यक्रमहरुमा प्रत्येक बर्ष पर्याप्त रकम खर्च हुने भएता पनि तुल्नात्मक रुपमा त्यस्ता कार्यक्रमहरुको लागत र प्रभावकारितामा थौरै मात्र ध्यान केन्द्रित भएको देखिन्छ Sims and Baumann(1983) ।

फ्लानागन,ग्रेगरी,ह्यालिसी, हेटगर्ड र लुईस (२०११) का अनुसार प्रकोप व्यवस्थापनमा धरै चक्रहरु देखिए । जुन जनसंख्या धरै गरिब छन्, बेरोजगारी उच्च छ, उच्च तहको अध्ययन कम छ र

अल्पसंख्यक भएको जनसंख्यामा विपद्को समयमा बढि संकटासन्नता तथा उच्च जोखिम परेको देखिन्छ । यस बाहेक एकल अभिभावक र अपाङ्गता भएका मानिसहरुमा जोखिमाको सुचाङ्क उच्च देखिएको छ ।

बाउमन, मेरन्ट, सिल्भेन र बके (२०२१) का अनुसार जलवायु परिवर्तणको बढ्दो प्रभावहरुलाई ध्यानमा राख्दै, जसले प्रकृतिक प्रकोपहरुलाई अझ बढि सम्भावित बनाउँछ। समुदायहरुलाई तत्काल प्रकोपपछि सामना तथा अनुकुलन गर्ने विधिहरु आवश्यक पर्दछ । समाजको क्षमताले स्वास्थ्य, समाजिक सत्भाव, र समाजको उथ्थानशिलतामा महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

चित्रकार, नेपाली र मानन्धर (२००८) का अनुसार विपद्हरुमा राहत तथा उद्धारकालागि आन्तरिक तथा बाह्य सहयोगहरु प्राप्त भएका थिए । सो का कारण क्षतिग्रस्त भौतिक संरचनाहरुको मर्मत तथा पूर्ननिर्माणकालागि धेरै समय खर्चिनु परेको थियो र यस कामको लागि ठूलो बजेटको आवश्यकता भएको थियो । त्यस्ता डरलाग्दा परिघटना, वस्तु, मानवीय क्रियाकलाप, वा परिस्थिति जसका कारणले ज्यानको नोक्सानी, घाइते हुने सम्भावना वा अन्य स्वास्थ्यसम्बन्धी असरहरू, धनमालको क्षति, आजीविका तथा सेवाहरूको नोक्सानी, सामाजिक तथा आर्थिक गतिरोध, वा वातावरणीय ह्रास समेत देखिएको छ ।

गुरुङ्ग (२०१९), का अनुसार लैङ्गिक र जातीय असमान्ताले भूकम्पको समयमा बढी जोखिमको सामना गर्नुपरेको देखिन्छ । सामाजिक व्यवस्था भित्रका ढाँचाहरू तथा वतावरणीय प्रणाली जोखिमको कारण र परिणामका महत्पूर्ण कारक तत्व मानिन्छ । भूकम्पको प्रभावलाई समाजिक घटनाहरू, सामाजिक एकाइहरू र प्रतिक्रियाहरूले फरक पारिरहेको हुन्छ । सामाजिक सर्तहरुमा विपद्लाई परिभाषित र व्याख्या गर्ने ऐतिहासिक प्रयासहरू महत्पूर्ण छन् । प्रयासहरुले अनिवार्य

रुपमा सामाजिक व्यवस्थाको बारेमा आधारभूत प्रश्नहरू गर्छन। यस प्रकारको सामाजिक व्यवस्थाले मानिसहरुमा विपद्को प्रभाव बढी भएको देखिन्छ।

प्रकृतिक प्रकोपबाट बाँचेकाहरुको निम्ति मांसिक स्वास्थ्य कार्यक्रम संचालन गर्नुपर्ने साथमा समायोजनलाई सहज बनाउनु पर्ने देखिन्छ। प्रभावितहरुको लागि सहयोग खोज्ने तथा मानिसहरुको क्षमता अविवृधी गर्ने संजालहरुलाई सुढृड बनाएर लानुपर्ने हुन्छ। पोष्टट्रउमेटिक तनावका लक्षणहरुलाई व्यवस्थापन गर्दै लानुपर्ने देखिन्छ। विपद्को समयमा प्रत्यक्ष रुपमा सामना गर्नुपर्ने समस्याहरुबाट क्षतिको अवस्थामा कम गर्नलाई रणनीतिक योजनाहरुको प्रवर्धन गर्नमा केन्द्रित हुनुपर्ने देखिन्छ (So-kum Tang 2006)।

मनोवैज्ञानिक हस्तक्षेप र भूकम्पको विपद्बाट बाँचेकाहरुको हेरचाह गर्दा, विशेष गरि महिला, बालबालिका र वृधा व्यक्तिहरुको देखरेखमा ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ। कारण यस्ता मानिसहरु प्रकोवबाट बढी प्रभावित भएको हुन्छ। साथै विपद्पछिको प्रतिकार्य र पुर्नस्थापनामा सकरात्मक परिणाम ल्याउनको लागि यस्को व्यवस्थापनसंग सम्बन्धित कार्यक्रमहरु अगाडी बढाउनु पर्ने देखिन्छ (Xu and Liao 2011)।

बरट्रान्ड (२०००), का अनुसार जटिल मानवीय अवस्था र प्रकृतिक प्रकोप फरक विषय हो। मानिसहरुको प्रत्यक्ष सहभागितामा निर्माण भएको विपद् मानव निर्मित हुन्छ। हतियारहरुको प्रयोगबाट सिर्जित विपद्हरु यस अन्तरगत पर्दछ। प्रकृतिक प्रकोपको प्रकृतिक कारणबाट निर्माण हुन्छ भने मानव निर्मित प्रकोप समाजको कारणले निर्माण हुन्छ, यसलाई राजनैतिक विपद्को रुपमा पनि चिनिन्छ। मानव निर्मित विपद्को असर लामोसमय सम्म रहिरहन्छ। प्रकृतिक प्रकोप भन्दा मानव निर्मित प्रकोपले मानवीय क्षति धरै गरेको पाईन्छ।

ड्रबेक (२००५), का अनुसार विपद् समाजशास्त्रको लागि लामो समयदेखि अध्ययनको विषय बनेको छ। सन १९८० देखि नै प्रभावकारी रुपमा विभिन्न विषयमा समाजशास्त्रीय सिद्धान्तहरुको शुरुवात गरेको पाईन्छ । जव विपद् आईपर्छ, मानिसहरुले कसरी प्रतिकृया गरे, सामाजिक सम्बन्धको कारणले क्षतिमा कसतो प्रभाव पार्यो,भन्ने विषयहरु समाजशास्त्रीय अध्ययन भित्रपर्छ। समाजको मुल्यमान्यता र संरचनासंग तुलना गर्दै विपद्लाई परिभाषित गरिनुपर्छ। मानवीय व्यवहारको तरिका र सामाजिक कारकहरुसंग विपद् र यस्को प्रभावलाई समाजशास्त्रीय तरिकाबाट अध्ययन गर्न जरुरी छ। भविष्यमा विपद्लाई समाजशास्त्रीय एजेण्डको रुपमा अगाडी बढाउनु पर्ने आवश्यक छ।

फुर्दी (२००७), का अनुसार ऐतिहाँसिक अनुभवको आधारमा विपद्को अर्थ पनि क्रमसँग परिवर्तण हुदै आईरहेको छ। पहिले र अहिलेको विपदको प्रभाव पनि फरक छ र प्रतिकार्य पनि फरक छ भन्ने ब्याख्या गरेको छ। समयसँगै विपद्को अर्थमा र यसको प्रभावमा फरक हुँदै आयो। मेरो हजुर बुवको लागि विपद के थियो ? बुवाको लागि के थियो र मेरो लागि के भयो भन्ने कुरा समय र परिस्थिति अनुसार परिवर्तण भएको देखिन्छ।

कोकै र साईनफुकु (२००४) का अनुसार एसियाभरी प्रकोपको कारणले मांसिक स्वास्थ्यलाई पोस्ट ट्रामिटिक स्ट्रेस डिसअर्डर भएको देखिन्छ। यसले प्रकाृतिक प्रकोपबाट बचेकाहरुलाई निरन्तर सहयोग प्रदान गर्न र थप अनुसन्धानका लागि थप अवसरहरु प्रदान गर्न मानसिक स्वास्थ्य पेशेवरहरुको ठूलो संलग्नतालाई भएको देखिन्छ। साथै सामान्यतया समाजको सस्कृतिक तथा परम्पराले विपद्को प्रभावले विभिन्नतालाई फरक पारेको देखिन्छ। यसको उद्देश्य एसियाभरि भूकम्प ज्वालामुखी विष्फोट, टाईपुन र चक्रवात जस्ता प्राकृतिक प्रकोपहरुले कसरी मानिसिक स्वास्थ्यसम्बन्धी समीक्षा गर्नु थियो। समीक्षा गरिएको लेखहरुले एसियामा प्रकोपको प्रभाव मानोचिकित्सा मानसिक स्वास्थ्यसंग जोडिएर आउन थालेको देखिन्छ।

टाइर्नी (२०१९), का अनुसार विपद्को प्रभावलाई समाजको संरचनामा गएर हेर्नुपर्छ । जातियता अनुसार, धर्मनुसार, लिङ्ग अनुसार, भेषभुषा अनुसार, उमेर अनुसार, संस्कृति अनुसार, सामाजिक सम्बन्ध अनुसार, राजनैतिक पहुँच अनुसार, सामाजिक स्तर अनुसार, आर्थिक स्तर अनुसार, बसोबास गरेको ठाउँ अनुसार, सामाजिक विभेद र असामान्ता अनुसार, वर्ग अनुसार, सामना क्षमता अनुसार, र विपद्को बुझाई अनुसार विपद्ले पार्ने प्रभावलाई प्रकोपको समाजशास्त्रले हेर्नुपर्छ र यो भनेको समाजशास्त्रको धर्म हो । सामाजिक व्यवस्था भित्रका ढाँचाहरु वतावरणीय जोखिमको कारण र परिणाम हुन । विपद् प्रतिकार्यमा घटनाहरू, प्रभावहरू, सामाजिक एकाइहरू र प्रतिक्रियाहरूले फरक पारिरहेको हुन्छ । यसरी समाजीक संरचनामा भएका मुल्य र मान्यताले पनि भूकम्पको प्रभावमा फरक पारेको देखिन्छ ।

व्यक्ति र समुदायको सचेतना अनुसार प्राकृतिक प्रकोप आँउदा र यसपछिको व्यवहारमा फरक देखिएको छ । प्रकोपको सचेतना र यसको अभ्यासमा गरिने फरकपनाले पनि विपद्को प्रभावमा तलमाथि हुने गरेको देखिन्छ । समुदायको र मानिसहरुको अनुभवको कारणले पनि क्षतिमा प्रभाव पारेको देखिन्छ Saarine, David and James(1982) ।

भूकम्प सम्बन्धी मनोवैज्ञानिक तनावको करण हृदयघात भई मृत्यूमा प्रभाव पारेको देखिन्छ । विशेष गरि सन १९७८ मा ग्रीकमा आएको शक्तिशाली भूकम्पबाट हृदयघातको कारणले मृत्यू हुने दरमा बढाएको पाईन्छ । तनाबलाई उमेर र लिङ्गले पनि प्रभाव पारेको देखिन्छ Katsouyanni, Kogevinas and Trichopoulos (1986) ।


अमात्य (२०१९), का अनुसार संसारमा आएको धेरै विपद्मा महिलाहरू जोखिमको समूहमा परेको देखिन्छ । तर जोखिमले महिलाहरुलाई जोखिमको अवस्थामा मात्र नराखेर यसले पुनर्स्थापनाको समयमा महिलाहरु सामाजिक तथा आर्थिक रुपमा सक्षम हुने अवसर पनि प्राप्त गरिरहेको हुन्छ ।

समुदायमा भएको गलत प्रवृतिलाई महिलाहरुले पुनर्स्थापनाको समयमा लिएको तालिमहरुको कारणले सामाजिक तथा आर्थिक अवस्थामा परिवर्तण गर्न सक्छ । डकर्मी तालिममा भूकम्पपछि सहभागी भएर आफ्नो तथा छिमेकीको घर निर्माणमा महत्पूर्ण भूमिका खेलेको देखिन्छ ।

विपद् र प्रकोपलाई मानवीय विकास र समयको परिवर्तणसंगै बुझाई र यसको क्षतिमा पनि फरक पर्ने आधारहरु अहिले सम्मको अध्ययनहरुमा समान्यतया बढी देखिन्छ । तर विपद्ले अल्पसंख्यक र सीमान्तकृत जातजातिमा पारेको प्रभावहरुको विश्लेषण गरिएको पाँइदैन । यो अध्ययनमा सीमान्तकृत तथा अल्पसंख्यक समुदायमाथि विपद्ले पार्ने प्रभाव र सरकारी तथा गैरसरकारी संस्थाले प्रभावित समुदायको पुनर्स्थापनामा खेलेको भूमिकालाई प्रथ्मिकतामा राखेर अध्ययन गरिएको छ ।

## २.६ अबधारणात्मक ढाँचा

सामाजिक मान्यताहरु, समाजका पुरातनबादी सोच र सामाजिक संरचना, अन्धविश्वसहरुले विपद्को प्रभाव सीमान्तकृत गरिब तथा अल्पसंख्यक समुदायमा बढेको देखिन्छ । शिक्षाको कमी, अबसर कमी, समान सहभागिता नहुनु, सामाजिक सम्बन्ध, राजनैतीक पहुच तथा आर्थिक कारणले विपद्को प्रभाव र विपद् पछि गरिने साहायतामा ठुलो भिन्नता भएको देखिन्छ । सीमान्तकृत समुदायमा विपद्को प्रभावलाई निम्न अबधारणात्मक ढाँचामा प्रस्तुत गरिएको छ ।



# अध्याय तीन : अध्ययन विधि

## ३.१ अध्ययनको प्रारुप

शोधपत्र अध्ययनको उद्देश्य प्राप्त गर्नको लागि आवश्यक तौरतरिका अध्ययनको प्रकृति तथा प्रभावकारिताको आधारमा छनौट गर्नुपर्ने हुन्छ। श्रीनाथकोट सिम्लेको बरामु समुदायमा भूकम्पको प्रभाव गोरखा भूकम्प २०७२ मा आधारित समाजशास्त्रीय अध्ययनको लागि गुणात्मक र सङख्यात्मक विधिको प्रयोग गरिएको छ। आवश्यक तथ्याङ्क प्राप्त गर्नको लागि अर्न्तवार्ता, वैयक्तिक अध्ययन र अनौपचारिक प्रश्नावली अनुसुचीको प्रयोग गरिएको छ । अवश्यकता अनुसार श्रीनाथकोटको वडा कार्यालय र यस क्षेत्रमा कार्यरत गैरसरकारी संस्था (असल छिमेकी नेपाल) संग रहेको द्वितीय तथ्याङ्कको सङ्कलन पनि गरिएको छ।

## ३.२ अध्ययनको क्षेत्र छनौट तथा परिचय

सामाजिक संकटासन्नताले सामाजिकअ तथा ार्थिक स्तर र जनसंख्यिकीय कारक जसले समुदायमा विपद्को असर र यसको पुनर्स्थापनालाई जनाउँछ । सामाजिक संकटासन्नाताले प्रकोपको असर अर्थात क्षतिको भागलाई बढाउँछ । सामाजिक संकटासन्नतालाई कम गर्न सकिएमा विपद्को प्रभावलाई कम गर्न सकिन्छ (Flangun, Gregory, Hallisey, Heitgerd and Lewis 2011)।

गोरखा जिल्लाको मध्येउत्तर तर्फ श्रीनाथकोट पर्छ  भने श्रीनाथकोटको एउटा गाँउको रुपमा सिम्ले रहेको छ। यसै सिम्ले गाँउमा बरामु समुदायको बसोबास रहेको छ। हाल श्रीनाथकोटको यो सिम्ले गाँउ सिरानचोक गाँउपालिका वाडा नं. ७ मा अवस्थित छ।

राष्ट्रिय जनगणना वि.स.२०७८ का अनुसार नेपालको कुल जनसंख्या २९१९२४८० मध्ये २७१०६१ जनसंख्या गोरखा जिल्लाले ओगटेको पाईन्छ, भने गोरखा जिल्लाको जनसंख्या मध्ये १९८२९ जनसंख्या सिरानचोक गाँउपालिकामा रहेको पाईन्छ। यो गाउँपालिका गोरखा जिल्लाको सदरमुकाम

पृथ्विनारायण नगरपालिकाबाट करिब ३० कि.मि.उत्तर पश्चिममा पर्छ। श्रीनाथकोटमा जम्मा ४० घरधुरी बरामु समुदायको रहेको छ।

गण्डकी प्रदेश गोरखा जिल्ला सिरानचोक गाँउपालिकाको वडा नं. ७ श्रीनाथकोटको सिम्लेमा रहेको बरामु समुदायमा भूकम्पले पारेको प्रभाव (भूकम्प २०७२ मा अधारित समाजशास्त्रीय अध्ययन) मार्फत बरामु समुदायमा भूकम्पले पारेको प्रभाव र समुदायको पुनर्स्थापनामा संस्थाहरुको भूमिकाको अध्ययन गरिएको छ।

बरामु जाति नेपालको अल्पसंख्यक समुदाय भित्र पर्छन। गोरखा भूकम्प २०७२ ले यस समुदायमा कस्तो प्रकारको असर पार्यो। भूकम्पको बेलाको अनुभवहरु यस समुदायमा कस्तो थियो ? यस्तो संकटको समयमा जीविकोपार्जन कसरी गर्यो ? भूकम्पले यस समुदायको कुन कुन क्षेत्रमा प्रभाव पारेका छ, जस्ता महत्पूर्ण विषयमा अध्ययन गर्नको लागि यस क्षेत्रलाई छनोट गरिएको छ। बरामु समुदायमा भूकम्पले पारेको असर र पुनर्स्थापनामा सरकारी तथा गैर सरकारी संस्थाहरुले खेलेको भूमिका विषयमा विषयमा गरिएको अध्ययनमा अधारित रहेर थप विस्तृत अध्ययन आवश्यक देखिएको हुनाले यस विषयमा अध्ययन गरिएको छ।

### ३.३ तथ्याङ्क सङ्कलनको स्रोत

प्राथमिक तथ्याङ्क सङ्कलनको लागि शोधकर्ता आफैं अध्ययन क्षेत्रमा गई अन्तर्वार्ता, वैयक्तिक अध्ययन र मुख्य सुचना दात्ताको माध्यमबाट उत्तरदाताहरूसँग प्रत्यक्ष भेटघाट गरी तथ्याङ्क सङ्कलन गरिएको छ। प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गर्दा गुणात्मक र सङ्ख्यात्मक तथ्याङ्क सङ्कलन गरिएता पनि गुनात्मक तथ्याङ्कलाई विशेष प्राथमिकता दिईएको छ। शोधपत्र अध्ययनको लागि आवश्यक तथ्याङ्कको द्वितीय स्रोत पनि प्राथमिक स्रोत जति नै महत्वपूर्ण

मानिएको छ। सम्बन्धित समुदायसंग सरोकार राख्ने निकायबाट प्रकासन भएका पुस्तक, पत्रपत्रिका तथा प्रशासनिक अभिलेखहरू द्वितीय स्रोतको रूपमा प्रयोग गरिएको छ।

## ३.४ समग्रता र नमुना छनोट विधि

गोरखा भुकम्प (२०७२) बाट सम्पूर्ण गोरखा जिल्ला नै प्रभावित भएको थियो। भूकम्पले प्रभावित क्षेत्र छनौट उद्देश्यपूर्ण छनौट विधि मार्फत गोरखा जिल्लाको बरामु समुदाय अवस्थित श्रीनाथकोटको सिम्ले गाँउ लिइएको छ। यस भूकम्पबाट श्रीनाथकोटको सिम्ले गाँउमा रहेका बरामु समुदायको १९ घर क्षति भएको थियो। यस अध्ययनमा घर क्षति भएका १९ घरपरिवारबाट नै तथ्याङ्क संकलन गरिएको छ। १९ जना घरमुलीलाई जन गणनाको विधिबाट अध्ययन गरिएको छ।

## ३.५ तथ्याङ्क संकलनको विधिहरू

### ३.५.१ प्राथमिक तथ्याङ्क संकलनका विधिहरु

अनुसन्धान कार्य सञ्चालनको लागि अनुसन्धानकर्ताले तथ्याङ्क संकलन गर्दा भरपर्दो विश्वसनिय तथा अनुसन्धानको प्रकृति अनुसारको तथ्याङ्क प्राप्त हुने भएकोले प्राथमिक तथ्याङ्क संकलन विधिको महत्वपुर्ण भुमिका रहन्छ। यस अनुसन्धानमा प्राथमिक तथ्याङ्क संकलनमा निम्न विधिहरुको प्रयोग गरिएको छ।

#### ३.५.१.१ अन्र्तवार्ता

तथ्याङ्क सङ्कलनको लागि घर क्षति भएका १९ घरधुरीका घरमुलिहरुलाई भेटी अनौपचारिक अन्तरवर्ताको विधि मार्फतबाट आवश्यक प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ।

#### ३.५.१.२ मुख्य सूचनादात्तासंग परामर्श/संवाद

प्राथमिक तथ्याङ्कको सङ्कलनका साधनहरुको मुख्य तरिका भनेको प्रत्यक्ष संवाद विधि हो। साथसाथै बसेर ती घर क्षति भएका उत्तरदाताको जनजीवन रहनसहन खानपिन घरपरिवारको

सम्बन्ध व्यवहार भु-सम्पत्ति, स्वास्थ्य, शिक्षा आदि बारेमा पारेको प्रभावको मूल्याङ्न गरेर सूचना सङ्कलन गरि अध्ययनलाई सार्थक रुप प्रदान गरिएको छ ।

### ३.५.१.३ वैयक्तिक अध्ययन

अध्ययनमा भूकम्पको प्रभाव बारेमा पहिलेको अवस्था र अहिलेको अवस्थामा आएको परिवर्तनको व्याख्या गर्नको लागि यो विधि आपनाइएको छ । उत्तरदातहरूमध्ये केही सदस्यहरूको विवरणात्मक तथा विश्लेषणात्मक गहन तथा सूक्ष्म अध्ययन गरी भूकम्पपछि आएको परिवर्तन र उक्त परिवर्तनले व्यक्ति, परिवार र समाजमा परेको प्रभावको व्याख्या गरिएको छ ।

### ३.५.२ द्वितीय स्रोतबाट लिने तथ्याङ्क

अध्ययनको लागि तथ्याङ्कको द्वितीय स्रोत पनि प्राथमिक स्रोत जतिनै महत्वपुर्ण छ । यस अन्तर्गत सम्बन्धित समुदायसंग सरोकार राख्ने निकायबाट प्रकासन भएका जर्नल लेख, विभिन्न प्रतिवेदन, प्रशासनिक अभिलेख तथा सम्बन्धित संस्थाहरुको प्रतिवेदनहरुको अध्ययन गरिएको छ ।

### ३.५.३ तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

अध्ययनको लागि आवश्यक गुणात्मक तथा सङ्ख्यात्मक तथ्याङ्कहरूलाई सङ्कलन, सम्पादन र वर्गीकरण पश्चात् विभिन्न उपशीर्षकमा विभाजन गरी आवश्यकता अनुसार तालिका तथा स्तम्भ चित्र बनाई विश्लेषण तथा ब्याख्या गरिएको छ । वैयक्तिक अध्ययनलाई ब्याख्यात्मक तथा वर्णात्मक विधिबाट विश्लेषण गरिएको छ ।

# अध्याय चार : उत्तरदाताको जनसाङ्ख्यिक विवरण


## ४.१ उत्तरदाताको आधारभुत जनसङ्ख्यिक विवरण

लिङ्गको आधारमा घरमुली/उत्तरदाताको विवरण, महिला र पुरुषको आधारमा जनसंख्याको विवरण, आश्रीत र अनाश्रीत जनसंख्याको विवरण, उमेरको आधारमा जनसंख्याको विवरण, पेशाको अधारमा पारिवारिक विवरण, पारिवारिक मासिक आम्दानीको विवरण, शिक्षाको अधारमा जनसंख्याको विवरण र भूकम्पको कारणले भएको क्षतिको विवरणहरुलाई तथ्याङ्कलाई तल उल्लेखित तालिकाहरु मार्फत ब्याख्या गरिएको छ ।

**तालिका ४.२.१ : लिङ्गको आधारमा उत्तरदाताको विवरण**

| उत्तरदात्ताको विवरण | संख्या/जना | प्रतिशत |
|---|---|---|
| महिला | ६ जना | ३१.६ |
| पुरुष | १३ जना | ६८.४ |
| जम्मा | १९ जना | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७९



यस तालिका र स्तम्भ चित्र अनुसार बरामु समुदायमा महिला भन्दा घरमुलिको रुपमा पुरुषको संख्या बढी देखिएको छ । महिलाको संख्या ६ जना अर्थात ३१.६ प्रतिशत, पुरुषको संख्या १३ जना अर्थात ६८.४ प्रतिशत देखिन्छ । यो तालिकाबाट महिला भन्दा पुरुषको संख्या घरमुलीको रुपमा बढी रहेको पाईयो । घर बाहिरको धरै जसो कामहरु पुरुषले गरेको साथै अर्थिक कारोबारमा पनि महिला भन्दा पुरुषहरुको सहभागिताको कारणले पनि महिला भन्दा पुरुषहरु घरमा तथा समुदायमा अगुवाको रुपमा रहेको पाईन्छ ।

**तालिका ४.२.२ : पेशाको अधारमा उत्तरदाताको विवरण**

| पेशागत विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि मजदुर (ज्यालादारी) | १९ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७९

पेशागत रुपमा १९ परिवारले अर्थात १०० प्रतिशतले आफ्नो मुख्य पेशा कृषि ज्लादारीलाई बनाएको देखिन्छ । बरामु समुदायमा पनि शिक्षित जनसंख्याको अभाव देखिन्छ । १९ परिवार मध्ये १५ परिवार केहि समयको लागि बाहिर काम गर्न गएको देखिए तापनि मुख्य छाक टार्ने उपाय कृषि मजदुरी नै रहेको पाईयो । जागिर र व्यपारलाई मुख्य पेशाको रुपमा अपनाएको परिवार देखिएन । बरामु समुदायले व्यवसाय मुखी बनाउन सकेको देखिएन । दैनि रुपमा नै छाक टार्नको लागि कृषिमा निर्भर रहेको देखियो । यस तालिकाबाट भन्न सकिन्छ, बरामु समुदायको मुख्य पेशाको रुपमा कृषि रहेको देखिन्छ ।

**तालिका ४.२.३ : पारिवारिक मासिक आम्दानीको विवरण**

| आम्दानीको विवरण | परिवारको संख्या | प्रतिशत |
|---|---|---|
| ६-१० हजार | ३ परिवार | १६ |
| ११-१५ हजार | ६ परिवार | ३२ |

| | | |
|---|---|---|
| १६-२० हजार | ४ परिवार | २१ |
| २१-३० हजार | ५ परिवार | २६ |
| ३१ हजार भन्दा माथि | १ परिवार | ५ |
| जम्मा | १९ परिवार | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७९

माथिको तालिका अनुसार पारिवारिक आम्दानीमा ६ देखि १० हजार सम्म ३ परिवार अर्थात १६ प्रतिशत, ११ देखि १५ हजार सम्म ६ परिवार अर्थात ३२ प्रतिशत, १६ देखि २० हजार सम्म ४ परिवार अर्थात २१ प्रतिशत, २१ देखि ३० हजार सम्म ५ परिवार अर्थात २६ प्रतिशत, बरामु समुदायको मानिसहरु कामको खोजिमा पोखरा, काठमाण्डौ, धादिङ्ग र चितवनमा सिजनल बसाईसराई गरेको पाईयो । सबै भन्दा बढी आम्दानीको समुह ३२ प्रतिसत ११ देखि १५ हजार देखिएको छ । कामको लागि सिजनल बसाईसराई गरेको कारण केहि परिवारको आम्दानी मासिक २१ हजार भन्दा माथि भएको देखिन्छ । यसको अर्थ उनिहरु नगदे बालि भन्दा पनि दैनिक गुजारको हिसाबले कृषिमा भर परेको कारण आम्दानी कम देखिएको छ । केहि परिवार काम गर्नलाई काठमाण्डौ, पोखरा र भारतमा पनि गएको कारण उनिहरुको आम्दानी केहि बढी देखिएको छ ।

**तालिका ४.२.४ : शिक्षाको अधारमा परिवारको विवरण**

| शैक्षिक विवरण | संख्या/जना | प्रतिशत |
|---|---|---|
| विद्यालय नजने | २६ जना | २७ |
| अनौपचारिक शिक्षा | ८ जना | ८ |
| प्राथ्मिक तह (कक्षा १ देखि ५ सम्म) | ५६ जना | ५७ |
| माध्यमिक तह (कक्षा ६ देखि १० सम्म) | ८ जना | ८ |
| जम्म | ९८ जना | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७९

विद्यालय नजाने निरक्षर जनसंख्या २६ जना अर्थात २७ प्रतिशत, औपचारिक शिक्षाबाट साक्षर जनसंख्या ८ जना अर्थात ८ प्रतिशत, प्रथ्मिक तह (कक्षा १ देखि ५ सम्म) ५६ जना अर्थात ५७ प्रतिशत, माध्यमिक तह माध्यमिक तह (कक्षा ६ देखि १० सम्म) ८ जना अर्थात ८ प्रतिशत देखिन्छ । उच्च माध्यमिक तहमा शिक्षा हाँसिल गर्ने जनसंख्या देखिदैन । यस तालिकाबाट अझ पनि बराम् समुदायमा धेरै मानिसहरु अशिक्षित रहेका देखिन्छ । अशिक्षित परिवारको करणले पनि भूकम्पको प्रभाव यस समुदायमा बढी परेको देखिन्छ। अशिक्षाको मुख्य कारण गरिबी भएको देखियो । बुवा आमा दैनिक छाक टार्नको लागि व्यस्त भएकोले बालबालिकाको शिक्षा दिक्षा प्रति खासै चासो दिएको देखिदैन । नजिकै रहेको श्री जनजाग्रिती प्रावि स्कुल पनि भुकम्पको करणले पुर्ण क्षति भएपछि बालबालिका झनै विद्यालय जान कमगरेको पाईन्छ । एउटा गैर सरकारी सस्थाले स्कुल पुननिर्माण गरी शैक्षिक सामाग्री दिएकोले केहि बालबालिकाहरु पुन विद्यालय जान थालेको पनि देखिएको छ ।

**तालिका ४.२.५ : उत्तरदाताको शिक्षाको विवरण**

| शैक्षिक विवरण | संख्या/जना | प्रतिशत |
|---|---|---|
| पढलेख गर्न नसक्ने | ८ जना | ४२ |
| साक्षर ( पढलेख गर्न सक्ने) | ११ जना | ५८ |
| जम्म | १९ जना | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७९

यस तालिका अनुसार पढलेख गर्न नसक्ने उत्तरदाताको संख्या ८ जना अर्थात ४२ प्रतिशत, समान्य रुपमा पढलेख गर्न सक्ने उत्तरदाताको संख्या ११ जना अर्थात ५८ प्रतिशत रहेको देखिन्छ । यो तालिकाबाट बराम् समुदायको घरमुलिहरुमा शिक्षाको कमी भएको देखिन्छ ।

# अध्याय पाँच : समुदायमा भूकम्पले पारेका सामाजिक तथा आर्थिक प्रभाव

## ५.१ समुदायमा विपद्को प्रभाव


कुनै पनि स्थान वा समुदायमा विपद्को घटनाले पार्ने प्रभावलाई समुदाय प्रकोपबाट जति नजिक भयो उत्तिनै विपद्को असर ठूलो हुँदै जान्छ, सङ्कटासन्नता बढ्दा विपद्को असर बढ्दै जान्छ, समुदायसँग प्रकोपको सामना क्षमता कम हुँदा विपद्को असर बढ्दै जान्छ । विपद्को पूर्वतयारी र पुर्स्थापना समुदायले खेल्ने भुमिकामा केन्द्रित हुन्छ ।

कुनै पनि समुदायमा विपद्को घटनाले पार्ने प्रभावलाई समुदाय प्रकोपबाट जति नजिक भयो उत्तिनै विपद्को असर ठूलो हुँदै जान्छ, सङ्कटासन्नता बढ्दा विपद्को असर बढ्दै जान्छ, समुदायसँग प्रकोपको सामना क्षमता कम हुँदा विपद्को असर बढ्दै जान्छ । विपद्को पूर्वतयारी र पुर्स्थापना समुदायले खेल्ने भुमिकामा केन्द्रित हुन्छ । विपद् प्रतिकार्यमा समुदायको महत्वपुर्ण भुमिका हुन्छ । नेपाल सरकारले तयार पारेको विपद् जोखिम तथा जलवायु जोखिम व्यवस्थापन प्रशिक्षण स्रोत पुस्तिकामा विपद् भनेको प्रभावित समाज वा समुदायले आफ्नै बलबुता र स्रोत साधनको प्रयोग गरी सामना गर्न नसक्ने स्तरको त्यस्तो गम्भीर प्रकोपजन्य घटना तथा त्यसबाट हुनसक्ने मानवीय, भौतिक, आर्थिक र वातावरणीय क्षति जसले गर्दा सामान्य सामाजिक प्रक्रिया अवरुद्ध हुन्छ ।

विपद्ले पारेको प्रभावलाई सामाजिक, आर्थिक, भौतिक, शैक्षिक, स्वास्थ्य तथा मांसिक क्षेत्रमा पारेको प्रभावको अधारमा ब्याख्या गरिएको छ । अध्ययनको लागि आवश्यक तथ्याङ्कहरूलाई सङ्कलन, सम्पादन र वर्गीकरण पश्चात् विभिन्न उपशीर्षकमा विभाजन गरी आवश्यकता अनुसार तालिका बनाई विश्लेषण गरिएको छ । प्रस्तुतीकरणमा वर्णनात्मक तरिका अपनाए पनि केही मात्रामा विश्लेषणात्मक तरिकाबाट पनि प्रस्तुत गरिएको छ ।

**तालिका ५.१.१ : भूकम्पले बसोबासमा पुर्याएको क्षतिको विवरण**

| बसोबासमा भएको क्षति | असरको अवस्था | प्रतिशत |
|---|---|---|
| आंसिक क्षति | ४ परिवारको घर | २१ |
| पूर्ण क्षति | १५ परिवारको घर | ७९ |
| जम्मा | १९ जना | १०० |




स्रोत : स्थलगत अध्ययन, २०७९

प्रभावित १९ परिवारको घर क्षति भएको देखिन्छ । आंसिक क्षति ४ घर अर्थात २१ प्रतिसत, पूर्ण क्षति १५ घर अर्थात ७९ प्रतिसत देखिन्छ। मानिस, चौपायाहरुको मृत्यू देखिएको छैन। घर आंसिक वा पूर्ण रुपमा क्षति भएपछि प्रभावितहरु त्रिपाल र अस्थाई रुपमा निर्माण भएको टहरा सथै आफन्त र छिमेकीको घरमा बसेको पाईयो । त्रिपाल तथा अस्थाई टहरामा बस्ने समयमा सर्प लगायत किराहरुको डरको कारणले रातभर सुत्न नसकेको पाईयो । महिला तथा सना बालबालिकाको स्वास्थ्यमा असर परेको देखियो। भूकम्प २०७२ ले बरामु समुदायको विभिन्न क्षेत्रमा असर पारेको देखिन्छ । नेपाल सरकार र केहि गैर सरकारी सस्थाहरुले घर पुन निर्माणमा साहायता पुर्याएको देखिन्छ ।

### ५.१.२ सामाजिक क्षेत्रमा पारेको प्रभाव

प्रकृतिक प्रकोपको जोखिम मूल्याङ्कनले सामान्यतया वातावरणिय खतरा र भौतिक क्षतिलाई विचर गर्न मदत गरेको पाईन्छ । सम्पति हानिले घरपरिवारको जीविकोपार्जनमा ठूलो समस्या आँउछ । सम्पति हानिमा पनि एउटा धनी वा सामाजिक रुपमा राम्रो सम्बन्ध भएको समुदाय वा मानिसले चाँडै पुन प्राप्ति गर्न सक्छ, जबकि गरीब परिवारमा त्यसको दिर्घकालिन प्रभाव परेको पाईन्छ । यस अनुसन्धानले सम्पतिको क्षति, आर्थिक क्षति र सामाजिक क्षतिलाई एकिकृत गरि प्रकोपको प्रभावलाई थप समानुपातिक रुपमा अध्ययन गर्न प्रस्ताव गरेको देखिन्छ । गरीब समुदाय र धनी समुदायमा विपद्को समयमा पर्ने प्रभावमा पनि समन्यतया फरक देखिएको छ । सस्थाहरुले साहायता गरेता पनि समाजिक स्तर माथि भएको समुदाय समाजिक स्तर कम भएको समुदाय भन्दा छिटै पुनर्स्थापना गरेको पाईन्छ (Markhvida , Walsh, Hallegatte & Baker 2020)।

केसवेल (२०१४), का अनुसार विपद् प्राकृतिक भन्दा बढी सामाजिक, राजनैतिक, सास्कृतिक, आर्थिक तथा धार्मिक कारणबाट घट्ने घटना हो । मानवीय क्रियाकलापको कारणले आज संसारमा विपद्को मात्रा बढेर गएको देखिन्छ । अनुसन्धानको समस्या भनेको छलफल, विवाद र चासोको महत्पूर्ण बुँदा हो, जसलाई समधान गर्नु पर्ने नितान्त आवश्यक हुन्छ ।

***उत्तरदाताहरु मध्ये कालिमाया बरामुले भनिन "अहिले पनि पुरानै छिमेकीसंग बस्न पाए राम्रो हुनेथियो" भन्ने धारणा व्यक्त गर्नुभयो ।***

घर पुननिर्माणको क्रममा कति जनाको ठाँउ परिवर्तण गर्नुपर्ने भएकोले पहिलेको छिमेकीसंग भेटघाटमा समस्या भएको थियो । संयुक्त परिवारमा बसिरहेको ३ परिवार भूकम्पपछि छुटिएर बसेको देखिन्छ । अहिले पनि मानिसहरु भूकम्प फेरी आउँछ की भनेर एकप्रकारको डर छ । नया निर्माण

भएको केहि परिवारको घरहरु जमिनको उपलब्धताको कारणले अर्कै ठाँउमा बनाउनु परेको कारणले एकलो पनको महशुस गरेको देखिन्छ ।

जातीयताको हिसाबले पनि आफ्नो जाती र आफन्तको नजिक बस्नलाई इच्छा भएता पनि जग्गाको उपलब्धता तथा सुरक्षाको कारणबाट उनिहरुमा निराशपन बढेर गएको पाईन्छ । घर पुननिर्माण भयो, तर प्रभावितहरु पुरानै ठाँउमा भएको समुदायसंग बस्न खोजेको छ । भूकम्पको समयमा एकले अर्कालाई गरेको साहायताले उनिहरु बिचमा मेलमिलाम बढेको छ । अहिलेको घर भन्दा पहिलेको घर नै राम्रो लागेको उनिहरुले बताउँछन् । सवै भन्दा पहिले छिमेकीहरु नै चाहिने रहेछ भन्ने कुराको सिकाई उनिहरुमा बढेर गएको छ ।

## वैयक्तिक अध्ययन - १

म शेर बहादुर बरामु ५० बर्षको भएँ । म सिरानचोक वडा नं.७ श्रीनाथकोट सिम्लेको बरामु बस्तीमा बस्दै आईरहेको छु । म हेर्दा सानो जिउडाल भए पनि मलाई सवैले सहयोगी र सक्रिय व्यक्तिको रुपमा चिनिन्छु । परिवारमा ३ छोरा १ छोरी, श्रीमती र आफु गरि ६ जना छौं । हाम्रो परिवारको आम्दानीको स्रोत कृषि ज्याला दारी हो भने कहिले काही निर्मानको क्षेत्रमा पनि ज्यालादारीको काम गर्दै आफ्नो परिवारलाई पाल्ने गर्छु । मलाई कुनै पनि कुनै पनि काम गर्न लाज लाग्दैन । कृषि र निर्माको क्षेत्रमा ज्ञान भएको होल मलाई कामको लागि स्थानीयहरुले निकै बोलाउछन् । मेरो एउटा छोरा बिरामी भएको कारणले उपचार र घर खर्च दुबै चलाउन भने गाह्रो परेकोछ ।

गोरखा केन्द्र विन्दु बनाएर आएको २०७२ को विनासकारी भूकम्पले देशमा ठुलो माहासङ्कष्ट आयो र यसको नराम्रो असर मेरो घर परिवारमा पनि पर्यो । यस प्रकारको भूकम्प मैले अहिले सम्म  कहिले देखेको थिएन । भूकम्पको समयमा म घर बाहिर काममा थिएँ । म एक्कासी बेसरी हल्लियको महशुस गरेँ र एकैछिनमा मानिसहरु कराउन थालेको आवज सुनिन थाल्यो । मैले मेरा आँखा अगाडी नै एउटा घर भत्कीयको देखेँ, अनि मात्र थाह पाएँ यो भूकम्प रहेछ । मैले आफ्नो पुरानो घर सम्झिएँ ।  हतार हतार गर्दै आफ्नो घर पुग्दा घर पूर्णरुपमा क्षति भएको देख्दा मेरो आँखा भरी आँशुले भरियो । ईश्वरलाई धन्यवाद दिन्छु, मेरो परिवारको सदस्यहरुलाई भने कुनै प्रकारको शारिरीक असर नपरेको रहेछ । केहि समयमा मेरो छोरा छोरी अध्ययन गर्ने स्कूल पनि पूर्ण रुपमा भत्कियको सुनियो । सनिबारको दिन भएको कारणले धेरै बालबालिका दर्घटनामा पर्नु भन्दा जोगिएको मैले सोचेँ ।

*करिब १ महिना सम्म बसोबासको निकै समस्या भयो । घर भत्कियको करणले धेरै अन्नहरु पुरियो, जसको करणले खान र बसोबासमा समस्या भयो । तर करिब एक हप्तापछि नेपाल सरकार र विभिन्न गैर सरकारी सस्थाहरुले खाद्यान्न तथा त्रिपालहरु वितरण गरेको कारणले अलि सहज भयो । जव घर भत्कियो सवै भन्दा पहिले छिमेकीहरुले नै सामानहरु निकाल्न साहायता गर्नुभयो । भूकम्पको पटक पटकको कम्पनले समुदायका मानिसहरु झनै बेसरी आतिएको थियो ।*

*समुदायमा नजिक नजिकै भएको परिवारहरु एकै ठाउमा आएर बस्यौं । पहिले बोलचाल नभएको परिवारहरुले पनि एक आर्कोला साहायता गर्नुभयो । नेपाल सरकारबाट र सँघ सस्थाहरुबाट आएको सहयोगहरु पनि सवैजानाले मिलेर बाँडचुड गर्यौ । हामीलाई बरामु समुदाय भन्दा फरक समुदायको मानिसहरु पनि आयर साहायता गर्नुभयो । हामीलाई विपद्को समयमा सवैभन्दा पहिले साहायता गर्ने भनेको छिमेकी नै हुदो रहेछ । भूकम्पछि समुदायमा एकले अर्कालाई साहायता गर्ने बानिको पनि विकास भएको छ जसतो मलाई लाग्छ ।* स्रोत : स्थलगत अध्ययन, २०७९

गोरखा भूकम्प (२०७२) ले उनिहरुको घर क्षति हुदा सवै भन्दा पहिले छिमेकीहरुसंग गुहार मागेको देखिन्छ । त्रिपालमा सुत्ने समयको पीडा अहिले सम्म भुल्न सकेको छैन । छोरा छोरीसंग राम्रोसंग कुराकानी पनि गर्न पाएको थिएन । कति रात विधुतको आपुर्ति बन्द भएको बेलामा अध्यारामो बस्नुपरेको र कहिले काहि टुकीमा बस्नुपर्दा कहिले उज्यालो होला भनेर आतिएको थियो । अहिले पनि बरामु समुदायलाई त्यस कुरालाई सम्झना गर्न नचाहेको देखिन्छ ।

## *वैयक्तिक अध्ययन - २*

*मेरो नाम विक्रम बरामु हो । मैले सानै उमेरमा आमाको माया गुमाए, भने म १० बर्षको हुँदा नै मेरो बुवाको मृत्युले मलाई एकलो र टुहुरा बनायो । सानै देखि धेरै प्रकारको समस्या मैले मेरो जीवनमा भोग्दै आईरहेको छु । कति रात न त मैले राम्रोसंग सुत्न पाएँ न त खान पाएँ । सम्झिदा पनि विजोक लाग्छ । अहिले म २६ बर्षको भईसके र मैले अहिले विवाह पनि गरिसकेको छु ।*

*सानै अवस्था देखि दुख भोग्दै आईरहेको छु । मलाई फेरि अर्को कहालिलाग्दो समस्या आईपुग्यो । २०७२ सालको भूकम्पले मसंग भएको सानो घर पनि तहस नहस पारिदियो । मैले गाँसको समस्या नै भोगिरहेको बेला भएको त्यो सानो घर पनि यस भूकम्पले तहस नहस पारिदियो । यो अवस्था देखेर रुन सम्म रोए, मलाई लाग्यो सबै समस्या मलाई नै आईपर्यो । हुन त मेरो समुदायको अरु परिवारको घर पनि भत्किएको थियो तर मलाई मेरो घर मात्र याद आईरहेको थियो ।*

*घर भत्किएपछि धेरै मानिसहरु हेर्न आयो र कति जानाले त साहायता पनि गरेको थियो । मसंग भएको थोरै सामानहरु पनि पुरियो भने केहि सामान छिमेकीहरुको साहायतामा निकालियो पनि । के गर्ने घर त्यसतो अवस्थामा भएको बेला एउटा सस्थाले त्रिपाल दिएको थियो , केहि समयमा त्यस त्रिपालमा पनि सुतियो । त्रिपालमा न त राम्रोसंग खाना नै खाईयो न त राम्रोसंग मिठो निद्रामा सुतियो । जिन्दिगी देखेर बिजोग लाग्थ्यो ।*

*नेपाल सरकारले केहि समयपछि पूर्ण रुपमा भत्किएको घरलाई ३ लाख दिने कुरा सुने र वडाम गएर यसको बारेमा सोधपुछ गरे । दिन त दिने रे तर किस्तामा घर बनाउदै गएमा मात्र दिने रहेछ । मसंग*

*एक पैशा थिएन कसरी घर बनाउने हो भनेर सोच्दै थिए । यसै अवस्थामा एक गैर सरकारी सस्थाले गरिब र हामी बरामु समुदायमा जति जानाको घर क्षति भएको थियो, सवैलाई १ लाख बराबरको घर निर्माण सामाग्री उपलब्ध गराउने भयो । त्यसपछि मैले पनि घर शुरुवात गरे । थप नेपाल सरकारको साहायताबाट मैले सानो २ कोठे घर बनाएँ । अहिले म त्यसै घरमा बस्दै आईरहेको छु ।* स्रोत : स्थलगत अध्ययन, २०७९

आर्थिक तथा समाजिक रुपमा पहिले देखि नै बरामु समुदाय कमजोर छ । भूकम्पले गर्दा उनिहरु झनै आर्थिक समस्यामा परेको थियो । भत्कियको घर बनाउन केहि पैशा नेपाल सरकारले दिने भनेको तर त्यसमा थप गरेर घर बनाउने आँट नभएको अव हाम्रो घर कहिले पनि नवन्ने भयो भन्ने चिन्ता थियो । असल छिमेकी नेपाल भन्ने सस्थाले थप साहायता गर्ने कुरा सुनेपछि खुसीले आफ्नो घर निर्मानमा लागेको थियो । अहिले उनिहरु त्यही नयाँ घरमा बसिरहेका छन् ।

### ५.१.३ आर्थिक क्षेत्रमा पारेको प्रभाव

प्राकृतिक प्रकोपहरुले पार्न सक्ने आर्थिक प्रभावहरुको विश्लेषण गर्दा विकासोन्मख देशहरुमा पूर्व विपद्को व्यवस्थापनको आधार र यसले पुर्याएको आर्थिक क्षतिको आधारमा जोखिमको मापन गर्न सकिन्छ । विपद्को प्रभावहरु कम गर्न राष्ट्रिय सरकारले गरेको जोखिम स्थानान्तरणको नीतिगत मुदा बनेको देखिन्छ। यो प्रकोपको महत्पूर्ण घटक बनेको छ। हाल जोखिम स्थानान्तरण उपकरणहरु राष्ट्रिय सरकारले बारम्बार प्रयोग गर्दैन । प्रकोप जोखिमको अनुमानको कारण आर्थिक सिद्धान्तले सरकारलाई जोखिम कम गनै सुझाव दिएको हुन्छ । यदि ठूलो कठिनाईहरु बिना समधान गर्न सक्षम छन भने समान्य जोखिम मान्न सक्छन  र यो सामान्यतया अधिक विकसित देशहरुमा लागु हुन्छ । यसको विपरित विकासोन्मुख देशहरुमा प्राय विपदको क्षति ठूलो हुन्छ । Rothengatter (2003)

शुरुवातको केहि महिना काम गर्न जान नपाएको कारण घरखर्च धान्न गाह्रो भएको देखियो । बालबालिकाको शैक्षिक सामाग्री खरिद गर्न नसकेको पाईयो । उनिहरुले खान पाएता पनि अफुले चाहे जसतो खान नपाएका अनुभव सुनाए। तर १ महिनापछि नेपाल सरकार तथा संघ सस्थाहरुले गरेका खाद्यान्न तथा आर्थिक साहायताको  कारण समस्या तत्कालिन रुपमा समधान भएको देखिए तापनि उनिहरुले आफुलाई मनपर्ने मासु तथा हरियो तरकारी खान नपाएको भनेको सुनियो । ज्याला मजदुरिमा पनि जान नपाएको कारण उनिहरुसंग नगदको अभाव भएको पाईयो । भूकम्प गएपछि बाहिर कामगर्न गएका परिवारका सदस्यहरु पनि घर फर्किएको कारणले घरमा झनै आर्थिक समस्या बढेर गएको पाईन्छ *। **सन्त बहादुर बरामुले भन्नुभयो "राहत पाएको खाद्यान्नमा चामालको मात्रा बढि भएको तर आवश्यक तरकारीहरु नभएकोले हामीलाई भात खान गाह्रो भयो"***

*। कालिमाया बरामुले भनिन "चाडपर्वहरुमा रुपैयाको अभावले नयाँ कपडा किन्न नपाएको करण बालबालिकामा निराशपन बढेको र आमाबाबासंग झगडा गर्ने गरेको छ"।*

भूकम्पको कारणले बरामु समुदायको अर्थिक अवस्था निकै कमजोर भएको देखिन्छ। साहायता गर्ने संघ सस्थाहरुले पनि दिर्घकालिन रुपमा काम गरेको देखिएन। रुपैया पैशाको अभावले गर्दा आवश्यक खाद्यान्न सामाग्रीहरु विशेष गरि हारियो तरकारीहरु खरिद गर्न नसकेको देखिन्छ। नेपाल सरकार तथा गैर सरकारी संस्थाहरुले दैनिक रुपमा छक टार्न दिएको खाद्यान्नमा पुर्णरुपमा भरपरेकाले मानिसहरुमा एकप्रकारको काममा नजाने बानीको पनि विकास हुने सम्भावना देखिन्छ।

**वैयक्तिक अध्ययन - ३**

*खासै लेखपढ गर्न नसक्ने मंगल बहादुर बरामु ४८ बर्षको हुनुभयो । सात जनाको परिवार रहेको उनका छोराछारी विद्यालयमा पढ्दै छन् ।  मजदुरी र ज्यालादारी कृषि नै मुख्य पेशा रहेको उनको परिवारको आर्थिक अवस्था निकै कमजोर छ । परिवारको संख्या ठुलो तर आम्दानीको स्रोत नभएपछि दैनिक छकटर्न पनि गाह्रो थियो ।  आर्थिक चपेटामा परेको कारणले बालबालिकाहरुको लाथि आवश्यक शैक्षिक सामाग्री खरिद गर्न पनि सकेको थिएन ।*

*पहिले देखि नै आर्थिक समस्या ब्यहोर्नु परेको मंगल बहादुर बरामुको घर पूर्ण रुपमा भूकम्पले क्षति भयो । घर भत्किएको धेरै दिन सम्म त्रिपाल र केहि समय आफन्तको घरमा पनि बस्नुभयो । आफुले कमायको थोरै आम्दानीले घरपरिवार चलाउन पनि निकै कठिन थियो । त्यसमा फेरी भएको सानो घर भत्किदाँ त्यस घरलाई पुन बनाउन सक्ने अवस्था देखिदैन्थ्यो । भूकम्पले घर भत्किएपछि गाँउलेहरुले सामानहरु निकाल्न मदत गरेको थियो । आपत विपद्को समयमा टाढको भन्दा पनि नजिकैको छिमेकी नै बढी साहायता गरेको थियो । स्रोत : स्थलगत अध्ययन, २०७९*

नेपाल सरकार र गैर सरकारी संस्था असल छिमेकी नेपालको सहकार्यमा घर पुन निर्माण भएको थियो । हाल यो परिवार यसै घरमा बसिरहेको छ । तर आर्थिक अवस्थामा भने खासै सुधार भएको देखिदैन । घरमा काम गर्ने उमेरको मानिसहरु कम भएकोले पनि यो समस्या समधान भएको देखिदैन ।

**५.१.३.१ भूकम्पले दैनिक खाद्यान्नमा परेको प्रभावको विवरण**

| खानाको अभाव भएको विवरण | घरधुरीको संख्या | प्रतिसत |
| --- | --- | --- |
| एक हप्ता सम्म | १० घर | ५२ |
| दुई हप्ता सम्म | ३ घर | १६ |
| चार हप्ता सम्म | ४ घर | २२ |
| खानाको लागि समस्या नभएको | २ घर | १० |
| जम्मा | १९ घर | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७९

यस तालिका अनुसार एक हप्तासम्म राम्रोसंग खान नपाएको घरको संख्या १० अर्थात ५२ प्रतिशत, दुई हप्तासम्म राम्रोसंग खान नपाएकाहरुको संख्या ३ अर्थात १६ प्रतिसत, चार हप्तासम्म राम्रोसंग खाना नपाएको घरधुरीको संख्या ४ अर्थात २२ प्रतिसत र खानाको लागि खासै समस्या नभएको घरधुरीको संख्या २ अर्थात १० प्रतिसत देखिन्छ। समग्रमा हेर्ने हो भने घर क्षति भएको १९ परिवार मध्ये १७ परिवारले दैनिक रुपमा खानाको लागि सघर्ष गरेको पाईन्छ।

## ५.१.४ भौतिक क्षेत्रमा पारेको प्रभाव

सामाजिक-आर्थिक रुपमा कमजोर भएको मानिसहरुले प्रकोपहरुको सामना गर्दा बढी जोखिममा परेको देखिन्छ। विपद्मा पनि यस समुहका मानिसहरुले अन्य भन्दा थप गम्भिर खालको परिणामहरु भोग्ने सम्भावना हुन्छ। भौतिक क्षति विषेश गरि घरबार विहिन्ताको कारणले थप प्रतिकुल असरहरु परिरहेको देखिन्छ, र यस्ता कारणले गर्दा मानिसहरु झनै गरिबीमा रहिरहने सम्भावना बढाएको पाईयो (SAMSA 2017)।

***मंगली बरामु र आईत बहादुर बरामुले भन्नुभयो "घर भत्किएर बाहिर टहरामा सुत्नु पर्ने भएकोले धेरै रात नसुतेर नै वितेको थियो"।***

अध्ययन गरिएको १९ घरपरिवार मध्ये आंसिक रुपमा ४ घर र पूर्ण रुपमा १५ घर क्षति भएको थियो । क्षति भएको १९ घर नै पुन निर्माण भएको छ । हाल उनिहरु यसै निर्माण भएको घरमा बसिरहेको छ । मानिसहरु विस्तारै कामतर्फ फर्किएको छ । समुदायमा एक अर्कासंग कुराकानी भईरहेको कारणले उनिहरुले पुन खसिको अनुभव गरिहेका छ ।

राम्रोसंग सुत्न नपाउदा बालबालिकाहरु विरामी पनि भएको पाईयो । घर क्षति भएपछि करिब १ महिना सम्म प्राय सवै परिवार नै टहरा बनाएर बसेको थियो । हाल नेपाल सरकार र गैरसरकारी सस्थाको सहयोगमा उनिहरुको जगामा दुई कोठे घर निर्माण गरि १९ परिवारलाई हस्तानान्तरण गरेको देखिन्छ ।  भौतिक र मानव पूँजी संचयको अवस्थालाई हेर्दा प्रकोपहरुको करणले पूँजी विनाशको जोखिमलाई तीव्र बनाएको देखिन्छ । अध्ययनको रुपमा लिएको १९ घर क्षति भएको देखिन्छ । घर क्षति भएको कारण करिब १ हप्ता देखि १ महिना सम्म बसोबास र खाद्यान्नको समस्या भएको थियो ।

**५.१.४.१ क्षति भएको घरको विवरण**

| घरको विवरण | क्षतिको अवस्था | प्रतिसत |
|---|---|---|
| पूर्ण क्षति | १५ घर | ७८ |
| आंसिक क्षति | ४ घर | २२ |
| जम्मा | १९ घर | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७९

यस तालिका अनुसार बरामु समुदायको १९ घर पूर्ण र आंसिक रुपमा क्षति भएको छ । पूर्ण क्षति भएको घरको संख्या १५ अर्थात ७८ प्रतिशत, आंसिक रुपमा क्षति भएको घरको संख्या ४ अर्थात २२ प्रतिशत देखिन्छ । पूर्ण र आंसिक रुपमा क्षति भएको घर निर्माणमा सरकारी तथा गैर सरकारी संस्थाले साहायता गरेको थियो ।

***वैयक्ति अध्ययन - ४***

*उमेरले ८० नाघेका धन बहादुर बरामु श्रीनाथकोट सिम्ले गाँउको बरामु बस्तिमा बस्दैछन् । उनि एकल पुरुष हुन । करिव ७ वर्ष अगाडी उनको श्रीमतिको निधन भएको थियो । उन्को अनुहारमा खुसी देखिदैन्यो । घरमा पनि एक्ले वस्दै गरेको त्यसमा पनि आफु वृधा भईसकेको धन बहादुर बरामुलाई भात पकाएर खान पनि गाह्रो देखिन्थ्यो ।*

*उनको आफ्नो छोरा बुहारी भएता पनि खासै वास्ता गरेको देखिदैन्थ्यो । पीडाको अवस्थामा रहेको धन बहादुरको भएको एउटा सानो घर पनि २०७२ सालको भूकम्पले पूर्ण क्षति पारिदियो । घर भएको समयमा दिन भरी कतै काम गरेर आउने घर गएर सुत्ने गर्दथ्यो । तर २०७२ को काहाली लाग्दो भूकम्ले त्यो अवस्था पनि छोडेन । घर भत्किएपछि गाउँलेको आग्रहमा आफ्नो छोरा बुहारीसंग बसेको थियो । कहिले काहि गाउँले छिमेकीहरुको घरमा खाना खाने र सुत्ने पनि गरेको थियो । वृधा अवस्था र कान कम सुन्नु भए पनि काम गर्नसक्ने हुनुहुन्थ्यो । भूकम्पको बारेमा कुरा गर्ने वितिकै घर भत्किएको सम्झना गर्नहुन्थ्यो । उहाको पनि असल छिमेकी नेपाल र नेपाल सरकारको सहकार्यमा घर पुन निर्माण भएको थियो । स्रोत : स्थलगत अध्ययन, २०७९*

उमेरको कारणले धन बहादुर बरामको शारिरीक अवस्था निकै कम्जोर देखिन्थ्यो । २०७२ को भूकम्पले भौतिक समस्या संगै मांसिक समस्या पनि धनबहादुरले बोल्दै गर्दा देखिन्थ्यो । मानिसहरु समाजिक तवरले जति कमजोर भयो, त्यति नै भूकम्पले पारेको प्रभाव बढी देखियो । धन बहादुर जस्ता धेरै बरामुहरुले यसप्रकारको समस्याबाट गएको पाईन्छ ।

### ५.१.५ शैक्षिक क्षेत्रमा पारेको प्रभाव

आर्थिक विकासको प्रमुख कारकको रुपमा शिक्षा रहेको छ तर प्राकृतिक प्रकोपले शैशिक उपलब्धिलाई असर पारिरहेको हुन्छ । यी बढ्दो विपद्का घटनाहरुको अनियन्त्रित प्रभावहरुले विश्वव्यापी रुपमा शैक्षिक स्रोतहरु नष्ट पार्नुको साथै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विद्यार्थीहरु र शिक्षकहरु विस्थापित वा मारिएका छन् । आमा बुवाको आम्दानी प्राकृतिक प्रकोपका कारण प्रभावित भएको छ । धनी र न्युन आय भएका देशहरुका लागि मानव पुँजी प्राकृतिक प्रकोपको कारणले आसमान भएको देखिन्छ । जसले घरायसी र देशस्तरीयम निर्णयहरु समायोजन गर्दछ र छोटो र दीर्घकालिन क्षति पारेको पाईन्छ । माध्यमिक विद्यालयको प्राप्तिमा प्राकृतिक प्रकोपको प्रभाव ठूलो छ, अन्वेषणको क्रममा १९६० देखि १९९० सम्म ८५ देशहरुको नमुना लिदाँ आपतकालीन घटनाहरुले माध्यमिक विद्यालयमा मृत्युको संख्या बढी भएको देखिन्छ । प्राकृतिक प्रकोपले व्यक्तिको शैक्षिक अवस्थामा प्रभाव पारेको पाईयो । परिवारमा भएको मृत्यूको कारणले मनोवैज्ञानिक असर परि शैक्षिक अवस्थामा प्रभाव पारेको देखिन्छ । यस प्रकारको क्षति कम गर्नलाई नीतिहरु निर्माण गर्ने र जलवायु परिवर्तणसंग सम्बन्धित अभिमुखीकरण कार्यक्रमको आयोजना गर्नु पर्ने देखिन्छ । Onigbinde Lois (2018)

भूकम्पको कारणले आफ्नो घर भत्कियको र नजिकैको प्राध्मिक र माध्यमिक विद्यालय पूर्ण रुपमा क्षति भएपछि यस समुदायको बालबालिकाहरु करिब २ महिना सम्म विद्यालय राम्रोसंग नगएको

अनुभव त्यसै वाडामा रहेको श्री जनजाग्रिती प्राविको प्रधानाध्यापक श्री उत्तम गुरुङले बताउनु भयो । विद्यालय जान जसकेपछि अध्ययनमा पनि कमजोर भएको पाईयो । केहि समयपछि विद्यालय जान शुरु गरेतापनि डर लाग्ने साथै पढाईमा राम्रोसंग ध्यान दिन नसकेको अवस्था थियो । विद्यालय पनि क्षति भएको कारणले टहरामा पढ्नु पर्ने अवस्थाको कारणले प्रभावकारी रुपमा शैक्षिक गतिविधीहरु पनि विद्यालयले संचालन गर्न सकेको थिएन ।

***स्थानी बासिन्दा श्री गोमन सिङ मगरातीले भन्नुभयो '' भूकम्पपछि करिब १ बर्ष सम्म नै अध्ययनमा अवरोध भएको छ र बालबालिका पनि खासै स्कुल जान मानिरहेको देखिदैन'' ।***

बरामु समुदायको १९ घरपरिवार मध्ये २ घरपरिवार शेर बहादुर बरामुको १ जना र मंगल बहादुर बरामुको २ जना बालबालिका गरि ३ जना बालबालिका विद्यालय छोडेर काम गर्न लागेको देखिन्छ । बालबालिकामा पनि पढाई प्रति उत्साह नभएको र आमा बुवासंगै घरमा बसिरहन खोजेको देखिन्छ । लामोसमय सम्म पठन पाठन राम्रोसंग नभएकोले बालबालिका पढाई प्रति रुची नभएको देखियो । बलबालिकाहरु केहि समय सम्म टहरामा पढेको र त्यसपछि पनि गैर सरकारी संस्थाहरुले भवन बनाउन सहयोग गर्दा करिब १ बर्ष सम्म नै पढाईमा अवरोध भएको देखिन्छ ।

**५.१.५.१ विद्यालय छोडेको बालबालिकाको विवरण**

| विवरण | संख्या | प्रतिसत |
|---|---|---|
| विद्यालय जान छाडेको | ३ जना बालबालिका | ५ |
| विद्यालय जान नछोडेको | ६१ जना बालबालिका | ९५ |
| जम्मा संख्या | ६४ जना | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७९

यस तालिका अनुसार बरामु समुदायको १९ घरपरिवारको अध्ययन गर्दा ३ जना बालबालिक भूकम्पको कारणले अर्थात ५ प्रतिशत मात्र देखिएको छ । विद्यालय जान नछोको संख्या ६१ जना अर्थात ९५ प्रतिशत देखिन्छ । यस तथ्याङ्कबाट भन्न सकिन्छ कि बरामु समुदायले पनि आफ्ना बालबालिकाको शिक्षा प्रति सचेत रहेको छ ।

***वैयक्तिक अध्ययन - ५***

*सिम्लेको बरामु समुदायमा वस्दै आईरहेको विर बहादुर बरामुको परिवारमा ७ सदस्याहरु छन् । पाँच छोरा छोरीको रेखदेख उनैको उत्तरदायित्व रहेको छ । यी सबै छाराछोरीहरु अहिले स्कुल गईरहेको छ । जेनतेन दैनिक ज्याला मजदुरीको रुपमा कहिले खोलामा बलुवा चाल्न जाने अनि कहिले माछा मारेर अफ्नो परिवारको जीविकोपार्जनमा साहायता गरिरहेको थियो ।*

*भूकम्पको कारणले उनिहरुको घर क्षति भयो नै, तर अर्को तर्फ विर बहादुरको छोराछोरी जाने जनजाग्रिती स्कुल पनि पूर्णरुपमा भत्कियो । करिब तीन महिना सम्म विर बहादुरको छोराछोरी लगाएत त्यस गाँउको अन्य बालबालिका पनि राम्रोसंग पढ्न पाएन । घरमा खासै अरुले नपढेको कारण ति बालबालिकालाई पढाउन सकेको थिएन । विर बहादुर बरामुको छोराछोरीको पढाई निकै कमजोर भईसकेको थियो ।* स्रोत : स्थलगत अध्ययन, २०७९

भूकम्पको कारणले बालबालिकहरु स्कुल जाने गोरेटो बाटोमा पनि पहिरो गएकोले स्कुल जान सकिरहेको थिएन । केहि समयपछि स्थानीय समुदायहरुले बाटो सफा गरेको थियो । धेरै दिन सम्म स्कुल नगएकोले विर बहादुरको छोराछोरी पछि स्कुल जान मानेको थिएन । यसरी भूकम्पले बालबालिकाको शैक्षिक अवस्थामा पनि प्रभाव परेको देखिन्छ ।

# अध्याय छ : पुनर्स्थापनामा सरकारी तथा गैरसरकारी संस्थाको भूमिका

## ६.१ पुनर्स्थापनामा संस्थाहरुले खेलेको भूमिका


सामाजिक सर्तहरुमा विपद्लाई परिभाषित र व्याख्या गर्ने ऐतिहासिक प्रयासहरू महत्पूर्ण छन् । प्रयासहरुले अनिवार्य रुपमा सामाजिक व्यवस्थाको बारेमा आधारभूत प्रश्नहरू गर्छन । सामाजिक व्यवस्था भित्रका ढाँचाहरु वतावरणीय जोखिमको कारण र परिणाम हुन । विपद् प्रतिकार्य तथा पुनर्स्थापनामा घटनाहरू,सामाजिक एकाइहरू, प्रतिक्रियाहरू र प्रभावहरूको मात्रलले फरक पारिरहेको हुन्छ । राहतको बेलादेखि पुनर्स्थापना सम्मको अवस्थामा प्रभावितहरुलाई सरकारी तथा गैरसरकारी संस्थाहरुको महत्पूर्ण भूमिका रहेको देखिन्छ । विद्यालयमा अस्थायी टहराहरु निर्माण गरी कक्षा कोठा सञ्चालनको लागि आवश्यक जस्तापाताहरु वितरण गरिएको पाईयो । भूकम्प र चिसोबाट प्रभावितहरुको लागि सम्बन्धित निकायहरूको अनुरोध तथा समन्वयमा न्यानो कपडा वितरण गरिएको देखिन्छ । राहतको समयमा वितरण गरिने खाद्य सामग्रीहरूको गुणस्तर र वितरण गरिने अत्यावश्यक वस्तुहरूको स्पष्ट मापदण्ड तयार गरेको पाईयो र सबै परिवारलाई समान रूपमा एउटै झोलामा राखेर सम्बन्धित समुदायमा आफैंले लगेर सम्बन्धित सरोकारवालाहरूको रोहवरमा वितरण गरिएको पाईयो । जसको कारण वितरण भएका सामग्रीहरूको दुरुपयोग नभएको देखिन्छ । जीविकोपार्जनको लागि विभिन्न तालिमहरुको आयोजना, भत्किएको संरचनाहरुको पुनर्निर्माण, स्वास्थ्य तथा शैक्षिक क्रियाकलापहरु मार्फत विपद् प्रतिकार्यले भुकम्प प्रभावितहरूको जीवनमा साहायता पुगेको छ ।

गोरखामा २०७२ सालको भूकम्पले ठुलो मात्रामा मानवीय र भौतिक क्षती गरेको पाईयो । पुनर्स्थापनाको कार्यमा धेरै सरकारी तथा गैरसरकारी संस्थाहरुले गोरखालाई कार्य क्षेत्र बनाई काम

गरेको देखिन्छ । बरामु समुदायमा राहत वितरण, जीविकोपार्जन तथा आय आर्ज, स्वास्थ्य शिविर, स्वास्थ्य सचेतना, स्वमंसेवक परिचालन, शैक्षिक सामाग्री वितरण, व्यक्तिगत आवस र विद्यालयको पुननिर्माणको क्षेत्रमा सरकारी तथा गैर सरकारी संस्थाहरुले काम गरेको पाईयो । स्रोत : स्थलगत अध्ययन, २०७९

**तालिका ६.१.१ : सरकारी तथा गैर सरकारी संस्थाले घर निर्माणमा गरेको साहायताको विवरण**

| साहायताको विवरण | घर निर्माणको रकम | प्रतिशत |
|---|---|---|
| सरकारी | रु.३०००००।- | ७५ |
| गैर सरकारी | रु.१०००००।- | २५ |
| जम्मा | रु.४०००००।- | १०० |




स्रोत : असल छिमेकी नेपाल (२०७५) र स्थलगत अध्ययन, २०७९

प्रभावित १९ परिवारको घर क्षति भएको देखिन्छ । नेपाल सरकारले निधारण गरेको तीन लाख रकमले मात्र २ काठे घर निर्माण गर्ने अवस्था नभएको देखिएपछि गैरसरकारी संस्थाले बाकि सहयोग गरेर घर निर्माण गरेको देखिन्छ । घर निर्माणको समयमा गैर सरकारी संस्थाहरुले आवश्यक खाद्यान्न पनि सहायता गरेको पाईयो । गैर सरकारी सस्थाले घर निर्माणको लागि १ लाख बराबरको

सरसामाग्री तथा प्रविधिक सहयोग र सरकारले तोकेको रकमको लागि सहजिकरणमा पनि महत्वपूर्ण भुमिका खेलेको  पाईयो । विशेष गरि अर्थिक अवस्था कमजोर भएकोले घर निर्माणको लागि नेपाल सरकारले विभिन्न चरणमा दिने रकमबाट पनि बन्चित हुने अवस्थामा गैरसकारी सस्थाले थप रकम सहयोग सहित स्थानीय निकायसंगको समन्व्यमा काम गरेको देखिन्छ । लामो समय सम्म पनि घरको लागि पहल गरिदिने मानिसहरु नभएको अवस्थामा गैर सरकारी सस्थाले यो जिम्मा लिएको र समयमा नै आफ्नो दायित्व पुरा गरेको पाईयो । यसैकारणले सवैजाना जसको घर भत्कियको थियो, उहाँहरु सुरक्षित भूकम्प प्रतिरोधी घरमा खुसीसंग बसन पाएको देखियो । हाल १९ परिवार आफ्नो नयाँघरमा बसिरहेका देखिन्छ ।

## ६.२ अल्पकालिन पुनर्स्थापना

शृनरका निष्कर्ष अनुसार गोरखा भूकम्प २०७२ ले नेपालमा ठूलो प्रभाव पार्यो । समुदायको धरै क्षेत्रमा असर पारेको देखियो । अझ पनि त्यसबाट भत्कियको घरहरु निर्माण भईरहेको देखिन्छ । भविष्यमा आउने भूकम्पहरूको कारणले विपद् जोखिम व्यवस्थापन तथा तयारी नेपालीहरुको लागि एक महत्वपूर्ण घटक बनेको छ । सरकारी भन्दा गैरसरकारी संस्थाहरु विपद्को व्यवस्थापन तथा पुनर्स्थापनामा अग्र भूमिकामा रहेको देखिन्छ । ( Shriner 2018)

असल छिमेकी नेपाल भन्ने एक गैर सरकारी संस्थाले श्रीनाथकोटमा भएका भूकम्प प्रभावित घरपरिवारलाई न्यानो कपडा वितरण गर्दा बरामु समुदायको १९ घरपरिवारले पनि न्यानो कपडा पाएको देखिन्छ। भुकम्पपछिको पहिलो चरणमा अल्पकालिन पुनर्स्थापनाको रुपमा बरामु समुदायमा खाद्यान्न सामाग्री, पानी फिल्टर, न्यानो कपडा, शैक्षिक सामाग्री तथा जस्तापाता वितरण गरि तात्कालिन रुपमा साहायता पुर्‍याको पाईयो । भूकम्प गएको २ हप्तापछि नेपाल सरकारले प्रभावित

सवै परिवारलाई प्रति परिवार रु.१५००० राहत वितरण गरेको पाईयो । विस्तारै गैरसरकारी सस्थाहरुले खाद्यान्न तथा लताकपडा र सरसफाइका सामाग्रीहरु वितरण गरिएको देखियो । भूकम्प गएपछि घर भत्कियको परिवारलाई साहायता सवैभन्दा पहिले स्थानीय छिमेकी तथा आफन्तले गरेको पाईयो । गैर सरकारी संस्थाहरुले तत्कालिन रुपमा स्वास्थ्य समस्या समधानको निम्ति मानव स्वास्थ्य शिविार र पशुहरुको निम्ति पशु स्वाथ्य शिविर  संचालन गरेको देखियो । बालबालिकाहरुलाई अध्ययन सामाग्रीहरु, अघात व्यवस्थापन तालिमहरु पनि संचालन गरेको देखिन्छ । स्रोत : स्थलगत अध्ययन, २०७९

**तालिका नं. ६.२.१ गैरसरकारी संस्थाद्वरा वितरित फिल्टरको विवरण**

| लाभग्राही परिवारको विवरण | घरधुरी संख्या | प्रतिसत |
|---|---|---|
| दलित परिवार | ११२ | ५३ |
| आदिवासी जनजाती परिवार | ४१ | १९ |
| बरामु परिवार | १९ | ९ |
| व्राहमण क्षेत्री परिवार | ४० | १९ |
| जम्मा | २१२ | १०० |


(स्थलगत अध्ययन २०७९ र असल छिमेकी नेपाल २०७५)

तालिका ६.२.१ अनुसार दलित घरधुरीमा पानी छान्ने फिल्टर बढी वितरण गरेको पाईन्छ । दलितको घरधुरी संख्या ११२ अर्थात् ५३ प्रतिशत, आदिवासी जनजातीको घरधुरी संख्या ४१ अर्थात् १९ प्रतिशत रहेको देखिन्छ, ४० परिवार भएको बरामुहरु मध्ये घर क्षति भएको १९ परिवार अर्थात ९ प्रतिसतले फिल्टर पाएको देखिन्छ । व्राहमण क्षेत्रीको घरधुरी संख्या ४० अर्थात् १९ प्रतिशत रहेको छ । फिल्टर दलितको घरधुरीको बिचमा तुलनात्मक रुपमा अन्य भन्दा बढी गरेको पाईएको छ ।

दलितको घरधुरी भुकम्पबाट बढी प्रभावित भएको कारण फिल्टर धेरै परिमाणमा वितरण गरेको पाइयो ।

**तालिका न. ६.२.२. वितरित शैक्षिक सामाग्रीको विवरण**

| विद्यालयको तह | विद्यार्थीको संख्या | प्रतिसत |
|---|---|---|
| प्रथ्मिक तह | ५६ | ८५ |
| माध्यमिक तह | ८ | १५ |
| जम्मा | ६४ | १०० |




(स्थलगत अध्ययन, २०७९ र असल छिमेकी नेपाल २०७५)

तालिका ६.२.२. अनुसार प्रथ्मिक शैक्षिक संस्थामा शैक्षिक सामाग्री बढी वितरण गरेको पाईन्छ । प्रथ्मिक तहको विद्यार्थीको संख्या ५६ अर्थात् ८५ प्रतिशत, माध्यमिक तहको विद्यार्थीको संख्या ८ अर्थात् १५ प्रतिशत रहेको छ । शैक्षिक सामाग्रीको वितरण प्रथ्मिक तहमा तुलनात्मक रुपमा अन्य भन्दा बढी गरेको पाईएको छ । प्रथ्मिक तहको  विद्यार्थीहरु तथा विद्यालय भुकम्पबाट बढी प्रभावित

भएको देखिन्छ। बरामु समुदायको बालबालिका कक्षा १ देखि ५ सम्म जनजाग्रिती प्राविमा अध्ययन गरेको र ६ देखि १० सम्म अध्ययनको लागि चन्द्रोदय माविमा गएको दखिन्छ।

**तालिका न. ६.२.३ वितरित न्यानो कपडाको विवरण**

| लाभग्राही परिवारको विवरण | घरधुरी संख्या | प्रतिसत |
|---|---|---|
| बरामु समुदाय | ४० | ४ |
| अन्य समुदाय | १०४६ | ९४ |
| जम्मा | १०८६ | १०० |

(स्थलगत अध्ययन, २०७९ र असल छिमेकी नेपाल २०७५)

तालिका ६.२.३ अनुसार श्रीनाथकोटमा गैर सरकारी संस्थाले न्यानो कपडा वितरण गरेको पाईन्छ। श्रीनाथकोटमा घरधुरी संख्या १०८६ मध्ये सवै घरधुरी पर्ने गरि ४० परिवार अर्थात ४ प्रतिशत बरामु समुदायमा र बाकी १०४६ घरधुरी अर्थात् ९४ प्रतिशत अन्य समुदायमा वितरण गरेको देखिन्छ। श्रीनाथकोट अन्य ठाउँभन्दा बारपाकको नजिकै भएको कारण यस ठाँउमा बढी प्रभावित भएको देखियो र न्यानो कपडा धेरै परिमाणमा वितरण गरेको पाइयो।

## ६.३ दिर्घकालिन पुनर्स्थापना


जलवायु परिवर्तणले धेरै प्राकृतिक जोखिमहरु निम्त्याउँछ। उदाहरणको लागि अत्याधिक गर्मी, अनावश्यक बर्षा र नसोचेको समयमा बाढी आउनु। हुरीकेनहरु अझ बढी खतरानाक भई समुद्रको छेउमा अधिक तटीय बाढी गएको देखिन्छ। तीव्र खडेरीले थप जंगली आगोहरु उत्पादन गरेको देखिन्छ। विशेषगरी गरिब र विबासोन्मख देशका बालबालिका जोखिममा छन। प्राकृतिक प्रकोपले बालबालिकालाई अप्रमाणित रुपमा हानि पुर्याउन खतरा देखिन्छ। दीर्घकालिन प्रभावहरुले बाबालिकाको शारीरिक स्वास्थ्यालाई हानि पुर्याएको देखिन्छ। यसबाहेक प्रकोपहरुले रोगहरुको

उपचारमा पनि चिकित्साक हेरचाहको पहुँचलाई घटाएको पाईन्छ । दोस्रो प्रकोपहरुले मासिक स्वास्थ्य समस्या नित्याउन सक्छ । प्रकोपहरु आफैमा तानवपूर्ण र डरलाग्दो मात्र होईन तर बालबाकिहरुले उनिहरुको घर र सम्पतीको क्षतिबाट मनोवैज्ञानिक क्षति भोग्न देखिन्छ । माइग्रसेनबाट प्रिय जनहरु गुमाउनु शोकबाट आमाबुबा वा हेरचाह गर्नेहरुलाई तनाव भएको देखेर उपेक्षा र दुर्व्यवाहरबाट र सामाजिक संजार छिमेकी र स्थानीय अर्थतन्त्रमा ब्रेकडाउन भएको देखिन्छ । Kousky (2016)

नेपालमा विपद् जोखिम व्यवस्थापनका क्षेत्रमा राष्ट्रिय गैरसरकारी संस्थाहरूको भूमिका र क्रियाशीलता सराहनीय रहेको पाईन्छ । जोखिम न्यूनीकरण, पूर्व तयारी, प्रतिकार्य लगायत नीतिनिर्माण, कार्यक्रमको सञ्चालन र समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन र जनचेतना तथा क्षमता अभिवृद्धिमा महत्वपूर्ण योगदान गरेको पाईन्छ । भुकम्पका कारण गोरखा लगायतका जिल्लाहरूमा धेरै मानिसहरू घरबारविहीन भए । धेरै मानिसहरूको न बस्ने बास रह्यो न त खाने गाँस । धेरै जनाले ज्यान गुमाउनु पर्‍यो । राहातको समयदेखि प्रभावित क्षेत्रहरुमा काम गर्ने क्रममा एकातिर भत्किएका संरचनाहरु पुननिर्माण गर्नुपर्ने देखिन्थियो भने अर्कोतिर भत्किएका मनहरुलाई पुर्नस्थापना गर्नु पर्ने थियो । सोही कुरालाई मध्य नजर गर्दै भुकम्प पछिको विपद् प्रतिकार्यमा नेपाल सरकारको नीति अनुरुप सरकारी तथा गैर सरकारी सस्थाहरुले विपद् प्रतिकार्यको शुरुवात राहत वितरणबाट गरेको देखिन्छ ।

**तालिका नं. ६.३.१ पुननिर्माण गरिएका विद्यालयको विवरण**

| विद्यालयको नाम | निर्माण मिति र स्थान | भवन विवरण | बरामु १९ परिवारका विद्यार्थीसंख्या | जम्मा विद्यार्थी संख्या |
|---|---|---|---|---|
| चन्द्रोदय माध्यमिक विद्यालय | २०७३ जेठ, सिम्ले | ४ वटा कक्षा | ८ | १९५ |
| श्री जनजागृति प्राथमिक विद्यालय | २०७३ जेठ, सिम्ले | ६ वटा कक्षा | १७ | ३३ |




(स्थलगत अध्ययन, २०७९ र असल छिमेकी नेपाल २०७५)

तलिका तथा वृत्तचित्र ६.३.१ अनुसार श्री चन्द्रोदय माध्यमिक विद्यालय ४ कोठे, श्री जनजागृति प्राथमिक विद्यालय ६ कोठे र विद्यालय निर्माण गरेको देखिन्छ । निर्माण भएको विद्मालयमा चन्द्रोदयमा जम्मा १९५ विद्यार्थी मध्ये ८ जना १९ बरामु परिवार मध्येका र जनजाग्रिती प्राविमा भएका ३३ विद्यार्थी मध्ये १७ जना १९ बरामु परिवारका बालबालिका विद्यालय गईरहेको देखिन्छ । अध्ययन गरिएका १९ परिवारका बाकी बालबालिका अन्य विद्यालयमा अध्ययनको लागि गईरहेका देखिन्छ ।

### ६.३.२ पुनर्निर्माण गरिएको स्वास्थ्य चौकीको विवरण

| स्वास्थ्य संस्थाको नाम | निर्माण मिति | भवनको विवरण | कैफियत |
|---|---|---|---|
| श्रीनाथकोट स्वास्थ्य चौकी | २०७२ चैत्र | ८ कोठा र ४ शौचालय | थप साहायतामा फर्निचर, तारबार, औषधी, खानेपानी, सोलर, इन्भटर |
| सिम्ले ग्रमिण स्वास्थ्य ईकाइ | २०७३ असोज | २ कोठा र १ शौचालय | |

(स्थालगत अध्ययन २०७९ र असल छिमेकी नेपाल २०७५)

तालिका ६.३.२ अनुसार प्रिफ्याब प्रविधिमा आधारित एक स्वास्थ्य चौकी भवन र एक ग्रामिण स्वास्थ्य इकाईको भवन पुनर्निर्माण गरी सम्बन्धित समुदायलाई हस्तान्तरण गरिएको छ । उक्त स्वास्थ्य चौकी भवन भूकम्प पश्चात निर्माण सम्पन्न भएको गोरखा जिल्लामा नै पहिलो श्रीनाथकोट स्वाथ्यचौकी रहेको पाईयो । यो दुबै स्वास्थ्य संस्थाबाट बरामु समुदायले सेवा पाईरहेको देखिन्छ ।

**तालिका नं. ६.३.३ सरकारी तथा गैर सरकारी संस्थाको सहकार्यमा निर्मित आवासको विवरण**

| स्थान | निर्माण मिति | बरामुको घरसंख्या | अन्य घरको संख्या | जम्मा घरधुरी संख्या |
|---|---|---|---|---|
| श्रीनाथकोट | २०७५ पौष | १९ | ३१ | ५० |

(स्थलगत अध्ययन, २०७९ र असल छिमेकी नेपाल २०७५)

तलिका ६.३.३ अनुसार श्रीनाथकोटमा ५० घर नेपाल सरकार र एक गैर सरकारी संस्था मिलेर निर्माण गरेको देखिन्छ । निर्माण गरेको ५० घरहरु मध्ये १९ घर बरामु समुदायको र बाकी ३१ घर अन्य समुदायको घर संयुक्त रुपमा सरकारी र गैरसरकारी संस्थाले निर्माण गरेको देखिन्छ । बरामु समुदायको आंसिक रुपमा क्षति भएको ४ घर र पूर्ण रुपमा क्षति भएको १५ घर मात्र निर्माण गरेको देखिन्छ । यसैगरी निर्माणको समयमा प्राविधिक सहायताको लागि इन्जिनियर र सामाजिक परिचालक राखी घर निर्माण गरि हस्तान्तरण गरेको पाईयो ।

भुकम्प (२०७२) पछिको दिर्घकालिन पुनर्स्थापनाको रुपमा बरामु समुदायमा व्यक्तिगत अवासको पुनर्निर्माण गरि साहायता पुऱ्याको देखिन्छ। विपद् प्रभावित बरामुहरुको पुर्स्थापनामा सरकारी तथा गैर सरकारी सस्थाहरुले दिर्घकालिन राहतको रुपमा व्यक्तिगत अवासको पुननिर्माण गरि पुनर्स्थापनामा साहायता पुर्याको देखिन्छ । सामाजिक शक्तिका कारकहरु जस्ले विपद् प्रतिकार्यमा प्रभाव पारेका छन् । शिक्षा, धार्मिक समुह, आर्थिक स्थिति, सोसल मिडिया, साथीहरु, विश्वास प्रणाली, स्थानीय समुह, सामाजिक मुल्यमान्यता, स्थानीय सहभागिता, सामाजिक प्रवृति तथा सामाजिक सम्बन्धले विपद् प्रतिकार्यमा प्रभाव पारेको देखिन्छ। विपद्पछिको पुनर्स्थापनामा सरकारी तथा गैरसरकारी संस्थाहरु एकआपसमा समन्व्य गरेको पाईन्छ । नेपाल सरकारले घर क्षति भएकाहरुलाई प्रतिपरिवार विभिन्न किस्तामा तीन लाख दिने निर्णय गरेतापनि बरामु समुदायको प्रभावितहरु सवै परिवार गरिब भएको कारणले घर निर्माणमा लागेको थप सवै रकम गैर सरकारी संस्थाले साहायता पुर्याको देखियो । स्वास्थ्य क्षेत्रमा साहायताको लागि त्यस क्षेत्रमा कार्यरत एक गैर सरकारी संस्थाबाट ग्रामिण स्वास्थ्य ईकाइ पनि सिम्लेमा निर्माण गरेको देखिन्छ । आजकाल यस स्वास्थ्य ईकाईबाट निरन्तर स्वास्थ्य सेवा प्रदान भईरहेको पाईयो । साथै स्थानीय प्राथ्मिक विद्यालय श्री जनजाग्रिती निर्माण गरेको पनि देखियो । हाल यस विद्यालयमा बरामु समुदायको बालबालिक अध्ययनको लागि गईरहेको देखिन्छ। प्रभावित १९ परिवारले सरकारी तथा गैरसरकारी संस्थाहरुको साहायतामा घर निर्माण गरेको पाईयो । प्रभावित परिवारले गैरसरकारी संस्थालाई दिर्घकालिन परियोजनालाई अझ निरन्तरता दिनको लागि बरामु समुदाका अगुवाहरुले विपद्को समयमा काम गर्ने संस्थाहरुलाई विशेष रुपमा अनुरोध गरेको पाईयो । ***सरकारी निकायहरुले पनि समयमा घर निर्माणको लागि प्रभावकारी साहायता नगरेको अनुभव स्थानीय जनजाग्रितीको प्रधानाध्यापक श्री उत्तम गुरुङले बताउनु भयो ।*** स्रोत : स्थलगत अध्ययन, २०७९

माथिको तथ्याङ्क अनुसार भौतिक क्षेत्रमा  दिर्घकालिन परियोजनाहरु संचालन भएतापनि उनिहरुको जीविकोपार्जनसंग सम्बन्धित परियोजनाहरु खासै संचालन नभएको देखिन्छ । स्थानीय सरकारसंग गैर सरकारी सस्थाहरुले समन्व्य गरेर काम गरेको छ । सरकारी निकायहरुले समयमा आर्थिक साहायता नजुटाएकोले घर निर्माणमा ढिलाई भएको देखिन्छ ।

***वैयक्तिक अध्ययन ६***

*मेरो नाम मंगली बरामु हो । म अहिले ६६ वर्षको भएँ । करिब १० वर्ष अगाडी मेरो श्रीमान रुखबाट लडेर वित्नुभयो, र अहिले म एकल महिला हुँ । श्रीमान वितेपछि हामीलाई खान पनि निकै गाह्रो भएको थियो । मेरो चार जाना छोराहरु थिए । चार जाना छोराहरु मध्ये १ जना १० वर्षको र अर्को २१ बर्षको उमेरमा विते ।*

*ति कहलाली लाग्दो समय मलाई सम्झन पनि गाह्रो हुन्छ । मलाई लाग्थ्यो कि संसारको सवै दुख नै मलाई आइपरेको छ । मेरा ति प्यारो छोराहरुको मृत्यू र मलाई माया गर्ने श्रीमानको मृत्यूले गर्दा म पनि किन बाच्ने भनेर मर्न तयार पनि भएको थिए , तर ती बाकी २ छोराहरुको अनुहारले मलाई त्यसो गर्न दिएन । म आफुलाई एकदमै अभागी ठान्छु ।*

*परिवारमा भएको मृत्यूले गर्दा हामी सम्पुर्ण बाकी परिवार दुखी थियौं । चोटै चोट परेको बेला फेरी अर्को चोटले हामीलाई छोडेन । २०७२ सालको विनासकारी भुकम्पले हाम्रो परिवार बस्ने घर पनि तहसनहस गरिदियो । अव त हाम्रो परिवारमा रुनु बाहेका अरु केहि बाकी थिएन । मैले कहिल्य सोचेको थिएन, यसतो प्रकारको विकराल समस्या मेरो परिवारमा आईपर्छ भनेर । मेरो बाकी २ छोराले विवाह गरिसकेको थियो । उनिहरु ज्याला मजदुरी गरेर आफ्नो जीविकोपर्जन गर्दै छुटै बसिरहेको थियो ।*

*म एकलो बुढी त्यो मेरो घरमा बस्दै आईरहेको थिएँ । आखिरमा त्यो घर पनि रहेन । मैले आफैले घर बनाउन सक्ने अवस्था थिएन । कहिले छिमेकीको मा अनि कहिले छोराकोमा बस्दै आईरहेको थिएँ । यसै अवस्थामा स्थानीय वडाको सहकार्य र गैर सरकारी संस्था असल छिमेकी नेपालको सहकार्यमा २ कोठे घर निर्माण गरिदियो । साथै खाद्यान्न पनि साहायता गरिदिनु भयो ।* स्रोत : स्थलगत अध्ययन, २०७९

मंगली बरामुको जीवनमा एकपछि अर्को समस्या आईपरेको देखिन्छ। श्रीमान र २ छोराको मृत्यूलेले उसलाई ज्यादै कमजोर बनाएको देखिन्छ । अर्थिक आस्था निकै कमजोर भएको मंगली बरामुको घर पुर्ण रुपमा भूकम्पले क्षति गरेको थियो ।  घर बनाउने अवस्था नभएको शिथतिमा नेपाल सरकार र एक गैर सरकारी संस्थाको सहकार्यमा घर निर्माण भएको थियो । दिर्घकालिन रुपमा वसोबासको समस्या भने समधान भएको देखिन्छ। हाल मंगली बरामु थोरै भएपनि खुसीसाथ त्यसै घरमा बसिरहेको देखिन्छ ।

# अध्याय सात : सारांश तथा निष्कर्ष

यस अध्ययनलाई सारांश तथा निष्कर्ष गरि दुई भागमा बाडिएको छ। प्राप्त तथ्याङ्कलाई विश्लेषण गरि अध्ययनको उद्देश्य अनुसार साराशं तथा निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

## ७.१ सारांश

**समुदायमा भूकम्पको प्रभाव (बरामु समुदायमा आधारित समाजशास्त्रीय अध्ययन)** सिम्ले श्रीनाथकोट, सिरानचोक ७ गोरखा जिल्लाको  समाजशास्त्रीय यस अध्ययनमा बरामु समुदायको आर्थिक, सामाजिक, भौतिक, मांसिक, शैक्षिक तथा समग्र क्षेत्रमा पारेको प्रभाव बारे खोजी गरिएको छ । गोरखा भूकम्प २०७२ ले बरामु समुदायको सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभावहरू के कसतो थियो ? समुदायको पुनर्स्थापनामा सरकारी तथा गैर सरकारी सस्थाहरूले के कसरी साहायता पुर्यायो ? आदि यस अध्ययनको मुख्य समस्या रहेको थियो । समुदायमा भूकम्पले पारेका सामाजिक प्रभावको अध्ययन गर्न र पुनर्स्थापनाको कार्यमा सरकारी तथा गैरसरकारी सस्थाको भूमिका बारे बुझ्न अध्ययनको उद्देश्य रहेको छ । भूकम्प आफैमा प्राकृतिक विपद् हुँदाहुदै पनि कसरी मानिसको सामाजिक स्तर अनुसार उसमा पर्ने प्रभाव फरक फरक हुँदो रहेछ भनि समाजशास्त्रीय आँखाबाट ब्याख्या तथा विष्लेशण गर्न, अध्ययनबाट भूकम्पले बरामु समुदायको जीवनस्तरमा कसतो प्रभाव पार्यो भन्ने विषयमा बुझ्न र समुदायको पुनर्स्थापनाको लागि सरकारी तथा गैर सरकारी संस्थाले खेलेको भूमिका बारे थाह गर्नु यस अध्ययनको महत्व रहेको छ ।

सिरानचोक गाँउपालिका वडा न ७ श्रीनाथकोटको सिम्लेमा रहेका बरामु समुदायमा रहेका प्रभावित घरधुरीहरुमा परेको प्रभावलाई मात्र यस अध्ययनमा समावेश गर्न सकिएको छ । विषयगत, सैधान्तिक, नीतिगत र पूर्व साहित्य गरि ४ भागमा विभाजन गरेर यस अध्ययनको समिक्षा गरिएको छ। गुनात्मक विधिको प्रयोगरि बरामु समुदायमा भूकम्पले पारेको प्रभाव र समुदायको पुनर्स्थापनामा

संस्थाहरुको भूमिकाको अध्ययन गर्न यस क्षेत्रलाई छनोट गरिएको छ। सिरानचोक गाँउपालिका वडा नं. ७ श्रीनाथकोटको सिम्लेमा रहेको बरामु समुदाय यस अध्ययनको समग्रता हो भने, भूकम्पको प्रभावमा पारेको घरधुरीलाई मात्र नमुनाको रुपमा लिईएको हुनेछ। अध्ययनमा तथ्याङ्क सङ्कलनको लागि अन्तरवार्ताको सूची तयार पारी सकेसम्म घरमुली र यदि घरमुलिको उपलब्धता नभएको खण्डमा मात्र घरको अन्य सदस्यबाट अन्तरवार्ता लिईनेछ। यस अर्न्तगत सम्बन्धित समुदायसंग सरोकार राख्ने निकायबाट प्रकासन भएका पुस्तक, विभिन्न प्रतिवेदन, प्रशासनिक अभिलेखहरु, पत्रपत्रिकामा प्रकाशित समाचारहरु तथा सरकारी तथा गैरसरकारी संस्थाको परियोजना प्रतिवेदनहरु पर्नेछन।

प्राथमिक तथ्याङ्क सङ्कलनको लागि शोधकर्ता आफैं अध्ययन क्षेत्रमा गई अन्तर्वार्ता अनुसूचीको माध्यमबाट उत्तरदाताहरूसँग प्रत्यक्ष भेटघाट गरी तथ्याङ्क सङ्कलन गरिएको हुनेछ। सरकारी तथा गैरसरकारी संस्थाले राहत तथा पुर्स्थापनामा खेलेको भूमिकाको बारेमा पनि खोजिनिति गरेको छ। यस अध्ययनलाई विभिन्न ७ अध्ययायमा विभाजन गरिएको छ।

तथ्याङ्क शंकलनको लागि अन्तरवर्ता विधि प्रयोग भएको यस शोधपत्रमा अध्ययन क्षेत्रको भूकम्पबाट प्रभावित १९ घरधुरीलाई नमुनाको रुपमा लिईको छ। नमुना छनौटको लागि गैर सम्भाव्य विधिको प्रयोग गरिएको छ। प्राथमिक तथ्याङ्कको धेरै प्रयोग गरिएको छ भने द्वितीय तथ्याङ्कको रूपमा गैर सरकारी संस्थाको प्रतिवेदन र स्थानीय निकायको प्रमानित कागजातहरू प्रयोग गरिएको छ। अध्ययन क्षेत्रबाट उपलब्ध भएका तथ्याङ्कहरूलाई प्रस्तुतीकरणको लागि तालिकीकरण तथा वणर्नात्मक शैलीको प्रयोग गरिएको छ।

## ७.२ निष्कर्ष

बराम् समुदायमा भूकम्प २०७२ को विपद्ले सामाजिक, आर्थिक, भौतिक, शैक्षिक, स्वास्थ्य तथा मांसिक क्षेत्रमा प्रभाव पारेको देखिन्छ । अन्तरवर्ता गरिएको १९ घरधुरीको जनसंख्या ९८ रहेको छ । ९८ जना मध्ये ५२ जना महिला र ४६ जना पुरुषको जनसंख्या रहेको छ । बराम् समुदायले प्रकृति पुजा गरेता पनि आफुलाई हिन्दु धर्मालम्बी भएको ठान्छन । अध्ययन गरिएको १९ परिवार मध्ये १५ जनाको घर पूर्ण रुपमा र ४ जनाको घर आंसिक रुपमा क्षति भएको पाईयो । स्थानी विद्यालय श्री जनजाग्रिती प्रावि एक गैर सरकारी सस्थाले निर्माण गरेको पाईयो जहा विशेष गरि बराम् समुदायको बालबालिका अध्ययनको लागि जने गरेको देखियो । भूकम्पको कारणले ३ जना बालबालिकाले विद्यालय जान छोडेको देखिन्छ । सरकारी तथा गैर सरकारी संस्थाको समन्वयमा घर निमार्ण भएको देखियो । आपत् विपद्को समयमा सवैभन्दा पहिले छिमेकीहरुले नै साहायता गरेको पाईयो । आर्थिक भन्दा पनि मानिसहरु सामाजिक रुपमा कमजोर भएको देखिन्छ। अध्ययनमा समयसंगै समुदायको अर्थिक विकासले पनि विपद्को प्रभाव परिवर्तण भईरहन्छ ।

## ७.३ सुझावहरु

बराम् जातिमा भूकम्पले पारेको प्रभाव बारे अनुसन्धान गर्दा निम्न विषयहरूमा केन्द्रित हुनुपर्ने सुझावहरू प्रस्तुत गरिएको छ ।

मुलुकको संवैधानिक प्रावधान र संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तहबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको काममा ध्यान दिनुपर्ने । विषम भू-बनावट, कमजोर भौगर्भिक अवस्था, जनसंख्या बृद्धि, गरिबी, अव्यवस्थित वसोवासलाई व्यवस्थित गनुपर्ने र जोखिम न्यूनिकरणलाई ध्यान दिनुपर्ने । नेपालमा अल्पसंख्यक जातिहरु विपद्को उच्च जोखिम रहेकोले यीनिहरुको पहिचान गरि सामाजिक तथा आर्थिक रूपमा अगाडि बढ्ाउन योजनाहरु निर्माण गर्ने ।

# सन्दर्भ सामग्री


Amatya, S. (2019); Role of Skilled Female Construction Worker (Mason) In Post-Earthquake Reconstruction and Their Socio-Economic Changes: A Case of Gorkha Earthquake, Nepal

Baram, B. (2066); Baram Jatiko Sanskriti. Kathmandu: Baram Bhashako Abhilekhikaran Pariyojana Bhasha bigyan kendriya Bibhag T U

Bauman S. E. Merante, M. Sylvain, M. and Burke, J. (2021); Exploring Community Art and Its role in promoting Health, Social Cohesion and Community Resilience in the Aftermath of the 2015 Nepal Earthquake PP 120, Research Article

Bertrand, A. J. M. (2000), Responses to Complex Humanitarian Emergencies and Natural Disasters: An Analytical Comparison: Third World Quarterly, London

Chitrakar, G. Piya B., Nepali D., & Manandhar S. (2008). *Some notable disasters in Nepal and their mitigation.* Journal of Nepal Geological Society

Creswell, J.W. (2014). *Research Design: Qualitative, Quantitative and Mixed Methods Approach* Washington DC: Sage Publications, Inc.

Dey, S. (2015). *A Devasting Disaster: A Case Study of Nepal Earthquake and Its Impact on Human Beings, IOSR* Journal of Humanities and Social Science (IOSR-JHSS) Volume 20, PP 28-34

Davidson, R. and Lamber, K. B. (2001), Comparing the Hurricane Disaster Risk of U.S. Coastal Counties, University of Delaware.

Drabek, E.T. (2005). *History contribution and future Agenda: Journal of Emergency Management,* University of Denvern (USA).

EUROPEAN COMMISSION (2015) 7.8M Earthquake in Nepal Situation Report No. 1; JOINT RESEARCH CENTRE Institute for the Protection and Security of the Citizen Global Security and Crisis Management Unit

Flanagan, E. B. Gregory, W. E. Hallisey, E. Heitgerd, L. J. and Lewis, B. (2011); *A Social Volunarability Index for Disaster Management:* Journal of Homeland Security and Emergency Management, Published by Barkeley Electronics Press.

Furdi, F. (2007): *The Changing Meaning of Disaster*: School of Social Policy, Sociology and Social Research, The University of Kent, UK

Homan, J. (2003); Writing Disaster: *Autobiography as a Methodology in Disaster Research, Pp 72, Division of Geography school of applied science*, University of Wolverhampton, Wolverhampton UK, International Journal of Mass Emergencies and Disasters.

Katsouyanni, K. Kogevinas, M. Trichopoulos, M. (1986*); Earthquake Related Stress and Cardiac Mortality,* Pp 326-330, International Journal of Epidemiology.

Kokai, M.D. and Shinfuku, M.D. (2004), Natural Disaster and Mental health in Asia.

Kousky, C. (2016); Impacts of Natural Disasters on Children, Princeton University.

Krejcie and Mogan (1970); Reproduce with permission in Russell's Resarch Methods in Cultural Anthropology.

Markevinda, Wals, Hallegatte and Backer (2020). Qualification of Disaster Impact

Med, D. P. (2003); Health Disaster Management (Guide line for evaluation and research in the utstein style)

Mishra, C. (2019); *Disaster and Society, Central* Department of Sociology, Tribhuvan University Kathamandu, Nepal

Nakamure, S. (2017); The influence of Historical Processes of Haite and Japan on the Effects of the Earthquakes, Minnesoto Satate University Mankotao.

NFDIN (2005); Nepal Fedration of Indigenous Nationalities.

Onigbinde, L. (2018); The impact of natural disaster on Educational Attainment: Cross Country Evidences, The University of San Francisco.

Redmond, D. A. (2005); ABC of Conflict and Disaster: BMJ, North Staffordshire, United Kingdom

Rothengatter, W. Dr. Prof. (2003); Natural Disaster Risk Management and Financing Disaster Losses in Developing Countries.

RyoHori, M. (2012); Natural Disaster in two sector model of endogenous growth.

SAMSA (2017); Disaster Technical Assistance Center sulimental Research Bulletine

Saarinen, T. F. (1982); The Relation of Hazard Awareness to Adoption of Approved Mitigation Measures, Pp1-35, Boulder Co, Institute for the Behavioural Science, University of Calorado.

Sharma, K. KC, A. Subedi, M. & Pokharel, B. (2018); Challenges for reconstruction after Mw7.8 Gorkha earthquake: a study on a devastated area of Nepal, Geomatics, Natural Hazards, and Risk

Shriner, M. (2018); Building Disaster Risk Management in Nepal; The role of the national sociey for the earchquake technology (NSET)

Sims, J. H. and Duance, D. B. (1983); Education Progress and Human Response to Nautral Hazards Enviroment and Behaviour, P 165-189

Sokum, T.C. (2006); *Positive and Negative Postdisaster Psychological adjustment among adult survivors of the Sothest Asian earthquake*, Journal of Psychosomatic Research Pp699-705

Subedi, S. and Chhetri, M. (2019); Impacts of the 2015 Gorkha Earthquake: Lessons Learnt from Nepal

Tierney, J. K. (2019); Disasters: A sociologica Approach; Standford Univercity, California

UNDRR (2019); Disaster Risk Reduction in Nepal: Status Report 2019. Bangkok, Thailand, United Nations Office for Disaster Risk Reduction (UNDRR), Regional Office for Asia and the Pacific.

Xu, J. and Liao, Q. (2011*); Prevanence and Predictors of Posttraumatic growth among adults' survivors one year following 2008 Sichun earthquake*, Journal of affective disorders Pp 274-280

नेपाल सरकार (२०११), केन्द्रिय तथ्याङ्क विभाग

नेपाल सरकार(२०२०), राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

नेपाल सरकार (२०३९), दैवी प्रकोप उद्धार ऐन नेपाल सरकार

नेपाल सरकार (२०६८), राष्ट्रिय जनगणना

नेपाल सरकार (२०७२), (स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान तथा यूएनडीपी) विपद् जोखिम तथा जलवायु जोखिम व्यवस्थापन प्रशिक्षण स्रोत पुस्तिका

असल छिमेकी नेपाल(२०७५) भुकम्प स्मृति पुस्तिका (२०७२), असल छिमेकी नेपाल

असल छिमेकी नेपाल(२०७३), घर पुन निर्माण परियोजना, असल छिमेकी नेपाल

नेपाल सरकार (२०१५), गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरण